# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

## रुकुम (पश्चिम)

### कर्णाली प्रदेश, नेपाल

२०७८

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

गाउँसभाको बैठकमा मिति २०७८/०३/१० गतेका दिन गाउँपालिका अध्यक्ष
श्री झक्कुप्रसाद घर्तीमगर ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## पृष्ठभूमिः

नेपाल र नेपाली जनताको सदिऔं देखिको आफ्नै मौलिक पहिचान यहाँको भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमानलाई अक्षुण्ण राख्दै, बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषता सहितको सार्वभौम, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्न, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख राज्य निर्माण गर्ने परिकल्पना सहित गणतन्त्र नेपालको माध्यमबाट संविधान मार्फत सिंहदरबार केन्द्रित अधिकार जनताको घरदैलो आइपुगेको छ । नेपाली जनताले आफ्नो भाग्य आफैं फैसला गर्ने अधिकार सहितको हालको अवस्थासम्म ल्याईपुर्‍याउने महान जनयुद्ध, जनआन्दोलन, शसस्त्र संघर्ष, मधेशवादी आन्दोलन लगायत विभिन्न स्वःस्फुर्त रुपमा, तत्कालिन सामन्ती, निरकुंश, विभेदित राज्यसत्ताको विरुद्व गरिएका किसान, दलित, महिला, थारु, मुस्लिम र जनजाति लगाएतका मुक्ति आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने बेपत्ता नागरिक तथा महान शहिदहरु प्रति हार्दिक श्रद्वाञ्जली तथा घाईते अपाङ्ग योद्धाहरु प्रति सम्मान प्रकट गर्दछौं । साथै गत वर्षझैं यस वर्ष पनि विश्व महामारीका रुपमा मानव समुदायलाई आक्रान्त र भयावह बनाईरहेको कोभिड-१९ कोरोना महामारी सँग लड्दा लड्दै जीवन गुमाउनुहुने नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली र शोकमग्न परिवारजनहरुप्रति गहिरो समवेदनाका व्यक्त गर्दछौं । महामारीकै कारण संक्रमित भएर बिरामी रहनु भएका नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामनाका साथै आम नागरिकहरुलाई कोरोना विरुद्ध स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्णरुपमा पालना गरी सुरक्षित भएर लड्न आग्रह गर्न चाहान्छु । यस संगिनपूर्ण घडिमा पनि आफ्नो स्वास्थ्यलाई उच्च जोखिममा राखी उपचारमा खट्ने डाक्टर तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी,कर्मचारी, जनप्रतिनिधि, पार्टी कार्यकर्ताहरुप्रति सम्मान, हार्दिक आभार तथा धन्यवाद दिन चाहान्छु । आगामी महामारीहरुमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु, साथै आम त्रिवेणीवासी जनसमुदायलाई रोगप्रतिरोधी क्षमता वृद्दि गर्ने घरेलु उपचार विधि, जडिवुटीहरु मात्रा अनुसार नियमित सेवन गरी अलगअलग कार्यविभाजन गर्दै दैनिक कार्य गर्न आह्वान पनि गर्न चाहान्छु ।

नेपाली आधुनिक राजनीतिक इतिहासको ७० वर्षभन्दा लामो राजनीतिक आरोह अवरोहका बीचबाट महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको जगमा तत्कालिन शासकहरुका विरुद्व जनताले वलिदान गरी आफ्नो अधिकार स्थापना गरेका थिए, त्यसका आधारमा जनअनुमोदित संविधान २०७२ साल असोज ३ गते राती १२ बजे ठूलो प्रशव पीडाका बीचवाट भएको थियो र नेपाली जनताले स्वतन्त्रता, स्वाभिमान संग्रामको रुपमा अनुमोदन गरेका थिए । जसमार्फत नेपाली राजनीतिका सिद्धान्त, विचार, भावना र सांगठनिक लगायतका विषयहरु अभिव्यक्त भएका थिए । त्यसलाई संस्थागत गर्नु, निरन्तरता दिनु ,कार्यान्वयन गर्नु हाम्रो कर्तव्य हो, जसमा संविधानले दिशानिर्देश गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त बमोजिम समाजका सबै वर्ग, क्षेत्र, लिंग, अल्पसंख्यक, सिमान्तकृत, अशक्त, अपाङ्गहरुलाई शसक्तिकरण गर्ने अविभारा हामीकहाँ आइपुगेको छ । स्थानीय तहलाई विकासको मूलप्रवाहमा ल्याउन संविधानमा व्यवस्था गरिएअनुसार सबै बजेटको कार्यान्वयनको थलो स्थानिय तह र यहाँका नागरिक भएकोले, विकास निर्माण, सेवा प्रवाह, दैनिक प्रशासन संचालन गर्दै बजेटको प्रवाह,

स्थानीय प्राथमिकताको अनुसार वस्तुनिष्ट धरातलमा रही स्थानिय तहलाई बढी थाहा हुने हुनाले, नेपालको बजेट संघमुखी होईन स्थानिय तहमुखी बनाउँदा सामाजिक न्याय र भलाइ हुन जाने कुरा सवैलाई जानकारी नै छ । अझैपनि पुरानै परम्पराबाट बजेट बिनियोजन गर्ने परिपाटी हटेन, जसबाट सिंगो राज्य नै विकासवाट पछि परेकोले, त्यस कार्यशैलीप्रति गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु ।

नेपालको लोकतान्त्रिक संविधानले संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, मौलिक हकको प्रत्याभुति, शक्ति पृथकीकरण नियन्त्रण र सन्तुलनको सिद्धान्त, बहुदलीय प्रतिस्पर्धात्मकता, आवधिक निर्वाचन, स्वतन्त्र, सक्षम, निष्पक्ष न्यायपालिका, प्रेश स्वतन्त्रता, आधुनिक समावेशी लोकतन्त्रको विश्वव्यापी मान्यता संस्थागत गरेको छ । सवै प्रकारका जातिय, भाषिक, धार्मिक, लैंगिक विभेद र जातीय छुवाछुतको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय स्थापित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्त स्थापित गराउन हामी लगायत सवै तहका सरकार क्रियाशिल भइरहेको अवस्थामा छ । केही विशेष वर्ग (मुट्ठीभरको हातमा) सम्पत्ति थुप्रिदै जानु र गरिबी,बेरोजगारी समस्या विकराल बन्दै जानु वर्तमान सन्दर्भमा सवै भन्दा ठूलो चूनौती हाम्रोसामु छ । त्यसैले यसका विरुद्व लड्न उत्पादनका साधन, स्रोत र रोजगारमा सवै केन्द्रिकरण गरी लिन जरुरी भैसकेको छ । युवा बहुल जनशक्तिलाई व्यवसायिक, सीपयुक्त, उद्यमी वनाउदै व्यापक परिचालन गर्नु वर्तमान अवस्थाको अपरिहार्यता हो । आजको समाजको चरित्र कस्तो छ भन्ने विषय हालको अर्को महत्वपूर्ण सान्दर्भिक विषय हो । भुमण्डलिकृत वित्तिय एकाधिकार पूँजी त्यसवाट उत्पन्न संकट, बहुराष्ट्रिय निगमहरुबाट श्रमशक्ति निर्यात गरेर त्यसवाट प्राप्त विप्रेशन (Remittance) को भरमा जिवन निर्वाह गर्नु यहाँको वाध्यात्मक जीवनशैली वनीसकेको अवस्था छ । उपर्युक्त पृष्ठभुमिमा सरकारको आज ४ वर्षको अनुभव, विकास र समृद्धिको त्रिवेणी गाउँपालिका निर्माण गर्ने अभियानमा लागिपरेका छौं । जनताका अभिभाराहरु पुरा गर्नु हामिले आफ्नो दायित्व ठानेका छौं र केही कमि कमजोरी र अपुगताका विचबाट जनताका अपेक्षाहरुको सम्वोधन पनि गरेका छौं, अबको कार्य जिम्मेवारी सबै यस गाउँपालिका भित्र रहेको स्रोत,साधन, शक्ति र अवसरलाई परिचालन गरी शिघ्र गरिवी र वेरोजगारी समस्या समाधान गर्दै, नेपालको संविधान र यसमा उल्लिखित निर्देशन सिद्धान्त, दीगो विकास लक्ष्य, त्रिवेणीवासीहरुको विकास र समृद्धिप्रतिको आकांक्षा र प्रचलित कानूनका अधिनमा रहि, कृषि उत्पादन र उत्पादकत्व वृद्धि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास लगायत पर्यटनका क्षेत्रमा स्तरउन्नति गर्दै समृद्ध त्रिवेणी सुखी त्रिवेणी निर्माण गर्ने युगिन अभिभारा पुरा गर्नेछौं भन्दै त्रिवेणी गाउँपालिकाको साझा दस्तावेज नीति तथा कार्यक्रम २०७८ यहाँहरुको माझमा प्रस्तुत गर्न चाहान्छु ।

**लक्ष्यः**

त्रिवेणी गाउँपालिकाको सर्वाङ्गीन दीगो विकास, आर्थिक समृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको उच्च मानव विकास, कृषि सहकार्य समूह मार्फत आयआर्जन वृद्धि गरी र शिघ्र गरिवी र वेरोजगारीको अन्त्य, कोभिड-१९ लगायत सवै किसिममा महामारी नियन्त्रण र व्यवस्थापन, व्यापक युवा परिचालनको माध्यमबाट रोजगारी सिर्जना गर्नु, उपलब्ध स्रोतसाधन परिचालन गरी कृषि र उद्योग

क्षेत्रको विकास मार्फत उत्पादन र उत्पादकत्व वृद्धि, विकासका पुर्वाधारमा गुणस्तरियता कायम गर्दै समाजवादी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु लक्ष्य रहेको छ ।

**उद्देश्यहरुः**

१. त्रिवेणी गाउँपालिकाको सम्पूर्ण युवा शक्तिलाई उत्पादन, रोजगार, गरिवी न्युनिकरण, सामाजिक साँस्कृतिक रुपान्तरण, विभिन्न विपद् महामारी, शिक्षा, स्वास्थ्य लगायतका विषयहरुमा युवा हरुलाई केन्द्रमा राखी जिम्मेवारी दिने र ५ देखी ७ वर्षमा गरिबी उन्मुलन गर्ने ।

२. आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण, सामाजिक शोषणका सबै अवशेष अन्त्य गरी आर्थिक विकासका प्रक्रियालाई तिव्रता दिने ।

३. लगानी मैत्री, वातावरण अनुकुल, श्रम लगानी र मुनाफाको सुरक्षाको प्रत्याभूति गर्दै निजि क्षेत्रलाई राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको महत्वपूर्ण अंगमा जोड्दै त्रिवेणीबासी जनतालाई आर्थिक समृद्धिको मुलधारमा केन्द्रित गर्ने ।

४. राष्ट्रिय औद्योगिकीकरण र गुणात्मक आर्थिक वृद्धिको नीति अनुसार त्रिवेणी गाउँपालिकाको आन्तरिक पुँजी, प्राथमिकताका आयोजनाहरु, ठूला पुर्वाधार निर्माण र स्तरोन्नती बाह्य लगानीमा मात्र भर पर्दा आउने परनिर्भरताको संकट, आन्तरिक र बाह्य लगानीको सन्तुलन, राष्ट्रिय, क्षेत्रिय र स्थानिय प्राथमिकताका क्षेत्र तथा योजनाहरुमा विधी सम्मत ढङ्गले साझेदारी निकाय हरुलाई आमन्त्रण गर्ने ।

५. हाल बिकराल बनिरहेको विकास योजना, व्यापार व्यवसाय, गरिव र धनीको खाडलको रुपमा देखिएका घाटा हाम्रो सवै भन्दा ठुलो चुनौती हो यसलाई अन्त्य गर्न आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने घरेलु तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा तिव्र जोड दिएर परनिर्भर र सर्वाङ्गिण घाटालाई समाप्त गर्ने ।

६. जलश्रोत, उर्जा, कृषि, कृषि पर्यटन, पशुपालन, कृषि सहकार्य समुह, भौतिक पुर्वाधार, उद्योग, मानव सुचाङ्कको विकास लगायतलाई योजनावद्ध एकिकृत ढंगले अगाडी बढाई आर्थिक विकासलाई तिव्र गर्ने ।

७. नव उदारवादको अन्ध पक्षपोषण प्रवृत्तिले पैदा गरेका अनुत्पादन उपभोगवादी परआश्रित पुँजिवादले त्रिवेणी गा.पा. पनि अछुतो नभएको अवस्थामा आत्मनिर्भर उत्पादनशील पुँजी परिचालन गर्दै हाम्रो जनताको श्रम र रोजगारी प्रकृयालाई तिव्र पार्ने ।

८. रोजगारी सिर्जना, सामाजिक न्याय, सामाजिक सुरक्षाको अधिकारको रुपमा व्यवस्था गर्दै समाजवाद उन्मुख दीगो विकास त्रिवेणी विकासको मुल श्रोत र विशेषता हुनेछ ।

९. नेपालको संविधान २०७२ मा मौलिक अधिकारको रुपमा प्रत्याभुत गरेका मुख्य रुपमा शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता र आवासलाई आवश्यक कानुनी योजना बनाई प्रभावकारी रुपमा लागु गर्ने ।

१०. त्रिवेणी गाउँपालिकामा उपलब्ध साधन श्रोतको अधिकतम परिचालन द्वारा तिव्र आर्थिक वृद्दि हासिल गर्दै प्राप्त श्रोतसाधनहरुको न्यानोचित वितरण, आर्थिक सामाजिक असमानता शोषणरहित समाजको निर्माण स्वतन्त्र उन्नतिशिल समाजवादी अर्थतन्त्रको विकास गर्ने ।

११. स्वतन्त्र निष्पक्ष मानव अधिकार लैङ्गिक समानता संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सामाजिक न्यायको माध्यमवाट समावेशी र समानुपातिक सिद्धान्त लाई आत्मसाथ गरी लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना र दिगो शुदृढिकरण गर्ने ।

१२. विकास निर्माणमा क्षेत्रीय सन्तुलन, पछाडी परेका क्षेत्रको प्राथमिकता, त्रिवेणी गौरवका आयोजनाहरुका स्तर उन्नती, विभिन्न कृषि पशुपालन पकेट ब्लकको स्तरउन्नति, सूचना प्रविधीको थप विकास, विपन्न परिवार र जोखिम विपद् व्यवस्थापन, स्वास्थ्य क्षेत्रको दिगो प्रभावकारी व्यवस्थापन, आयुर्वेदिक होमोपेथिईक पद्धतिको स्थापना र संरक्षणको विकास, छिमेकी गाउँपालिका, जिल्ला र प्रदेशसँग भाईचारा सम्बन्ध, न्याय दण्ड श्रमको सम्मान, अनुगमन, खानी उत्खनन, सुकुम्वासी भुमिहिन व्यवस्थापन, प्रविधि मैत्री शिक्षा, स्थानिय पाठ्यक्रम, सामाजिक र पारिवारिक वहिस्करण मा परेका हिंसा पिडित जाति, वर्ग र समुदायको पुन:स्थापना र संरक्षण गर्ने ।

१३. वनजंगल, वन्यजन्तु र पशुपंक्षीको चोरी पैठारी, शिकार, क्षति, मिलिभगत, आगलागी, फडानी, पर्यावरणीय प्रदुषण, व्यक्ति समुदाय जो कसैका लागि पनि बञ्चित गरेका विषय हुन, यस्ता दुस्मनिका विरुद्व गोप्य सुचना दिने व्यक्ति तथा संयन्त्रलाई रु ५०,००० प्रोत्साहन गर्ने ।

१४. बजार, व्यापार, व्यवसाय औषधी पसल, दैनिक उपभोग्य उत्पादित वस्तुहरुको विकीवितरणमा हुने कालोवजारी, कृतिम अभाव लगायत हुने अपराध जन्य कार्यहरुको निरन्तर अनुगमण गरी कारवाहीका लागी सिफारिस गरिनेछ र स्थानिय वजारमा सस्तो पसलको पहल गरिनेछ ।

**आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्मको समीक्षा**

नेपालको संविधान २०७२ निर्माण पश्चात २०७४ जेठ ५ मा त्रिवेणी गाउँपालिकाको विधिवत् संरचना निर्माण र लोकतान्त्रिक गणतन्त्रको पहिलो स्थानीय सरकार निर्माण भए पश्चात सरकारको तर्फबाट भए गरेका कार्यहरुको समिक्षा यस प्रकार छ :

१) पहिलो वर्ष, नमुना कानुनको आधारमा काम गर्नुपर्ने अवस्था रह्यो, हामिले आफै कानुन, कार्यविधी र नियमावली वनाएर लाग्नुपर्ने, सरकारको आफ्नै सरकारी संरचना नभएको र भाडाको अस्थायी भवनबाट सरकार संचालन गर्नुपर्ने, सरकारसँग जनशक्तीको अभाव, जनप्रतिनिधिहरुमा कार्यअनुभवको कमी, राज्य पुन-संरचनाको सुरुवाती, विषयगत क्षेत्र र विषयगत समितिले आफ्नो भुमिकाबारे अभ्यस्त नहुनु लगायतका कमजोरीहरुका कारण सार्थक प्रतिफल ल्याउन सकिएन ।

२) दोस्रो, तेस्रो र चौथो वर्षमा खासगरी पहिलो वर्षमा नै गाउँपालिकाको पार्श्व चित्र प्रोफाईल वनाएर योजनाबद्ध काममा लाग्नुपर्ने हुन्थ्यो, सो प्रोफाईल वनाएर कार्यान्वयन गर्न सकिएन, कर्मचारी र दक्षता अनुभवको कमी, कला श्रृजनाको कमी, सत्ता संचालनक निर्देशक समिति वनाएर कार्य जिम्मेवारी

अनुसार जिम्मेवारी वोध गर्न गराउन सकिएन, यसका विचवाट पनि शिक्षा, स्वास्थ्य, रोजगार, कृषि उत्पादन र पुर्वाधार लगायतका प्राथमिकीकरण गरियो । पहिलो वर्षमा पुर्वाधार, दोस्रो वर्षमा शिक्षा, तेस्रो वर्षमा स्वास्थ्य र कृषि, चौँथो वर्षमा रोजगार र उत्पादन लगाएतका प्राथमिकता वनाईयो सो अनुसार कार्यहरु पनि भए तर हाम्रो परिकल्पना, लक्ष्य र उद्देश्य अनुसार उपलव्धि हासिल गर्न सकिएन । योजना, नीति तथा कार्यक्रम दिर्घकालिन सोचका साथ उठाईएको थियो तर कार्यान्वयन र वुझाईहरु केन्द्रित गर्न सकिएन । श्रमसहकारी मार्फत रोजगार सृजना गर्ने, प्रविधी मैत्री शिक्षा सेवा गर्ने प्रयोजनका लागि मिडास द्वारा शैक्षिक गुणस्तरको प्राप्ती गर्ने, स्वास्थ्यमा ल्याव जडान र चैंकजाँच गर्ने कुरा जनतालाई वुझाउने र बुझ्ने कुरा, वहुउद्देश्सीय सहकारी निर्माण र छरीएको पुँजीको एकिकृत परिचालन र गरिबी निवारण, कृषि पकेट र व्लक निर्माण, माटो परिक्षण मेसिन खरिद, तालिम परिक्षण, पशुपालन व्लक, घाँस उत्पादन क्षेत्र र समयमा गाउँपालिकाको प्रोफाईल निर्माण, संचालन निर्देशक समितिको परिचालन जिम्मेवारी, जनश्रमदान र जनपरिचालन, संघ संगठनको संस्थागत विकास र परिचालन, विद्युतिकरण, सकड, पुर्वाधार, पर्यटन लगाएतका मुलभुत विषयहरुमा दीर्घकालिन चेतना बनाएर सोच्ने कला श्रृजनाको विकास बुझ्ने र बुझाउने कुरामा उच्च आकाँक्षा न्युन चेतना र कार्यान्वयन को अन्तर विरोध जस्तो रह्यो अर्को कुरा कोभिड-१९ र बहुमतको सरकारको संघ र प्रदेशमा अस्थिरताको श्रृजना त्यसले स्थानीय स्तरमा परेको नकारात्मक प्रभाव, कृषि सहकार्य समुह निर्माण अलगअलग परिचालनमा जोडवल मा आत्मविश्वासका कमी जस्ता विषयहरुले दिगो र गुणात्मकता हासिल गर्न सकिएन, यसका बावजुद पनि बाह्य रुपमा राज्य पुर्नसंरचना अगाडीको अवस्था र पुर्नसंरचना पछाडीको अबस्थालाई तुलना गरी हेर्दा अवश्य पनि उल्लेखनीय कार्य भएका छन र हामीले लिएका प्रतिवद्वता हरुको अधिकांश लक्ष्य हासिल भएका छन, जसलाई हाम्रा नाङ्गा आँखाले र हाम्रा प्रगति प्रतिवेदनहरुले पनि पुष्टी गरेका छन नै ।

अव आगामी हाम्रो साम्  खडा भएको चुनौतीलाई पूर्णता दिदै, नयाँ नयाँ गुणस्तरिय कार्य गर्न सरकार निरन्तर अगाडी वढिरहनेछ । यसका अलावा शिक्षा क्षेत्रमा प्रविधि सहित आन्तरिक गुणस्तर कायम, विषयगत शिक्षक व्यवस्थापन, शैक्षिक संस्था मर्मत सुधार, पुर्वाधार क्षेत्रमा स्तरोन्नती सहितको दिगो पुर्वाधार निर्माण, स्वास्थ्य क्षेत्रमा स्वास्थ्य चौकीको स्तरोन्नती र विकास, जनशक्ति व्यवस्थापन, अस्पतालको स्तरोन्नती, औषधी तथा औषधीजन्य सामाग्रीको निरन्तर उपलब्धता, अत्याधुनिक सेवा सहितको ल्याव चेकजाँच लगाएतका कार्य पर्दछन भने कृषी, कृषि पर्यटन, पशुपालनमा उत्पादन र उत्पादकत्व वृद्घि र आयात प्रतिस्थापन र निर्यातमा वृद्घि र विभिन्न पकेट र व्लक हरुमा व्यापक किसानहरु र युवाहरुको परिचालन गर्दै, अवका ५ वर्ष पछी गरिवी निवारण, आत्मनिर्भरमुखी अर्थतन्तरको निर्माण, पर्यटन, उद्योग, भवन, शहरी विकास, मानव विकास सुचाङ्कको उच्चता हाम्रो आफ्नो समाजवादी मोडेलको अर्थतन्त्रको आधार शिलाखडा गरी न्यायपुर्ण, विवेकशिल, विभेद रहित समाजको निर्माण गर्नु हाम्रो अभिभारा र कर्तव्य ठानेका छौँ । आ.व. २०७४/०७५ देखी २०७७/०७८ सम्मको प्रगति प्रतिवेदन यसै नीति तथा कार्यक्रम संगै संलग्न गरी अथिति तथा सहभागी महानुभावहरु र जनताहरुलाई स्वअध्ययन का लागी सरकारले तोकेका विषयगत क्षेत्र मार्फत भए गरेका कार्यविवरण

प्रतिवेदन मार्फत निम्न अनुसार साभार गरिएको छ । उपरोक्त गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्यलाइ आत्मसाथ गर्दै त्रिवेणी गाउँपालिकाको दिर्घकालीन सोचको यथार्थ धरातलमा पुग्नको लागी निम्न अनुसारका क्षेत्रगत नीतिहरूलाई अवलम्वन गरिएको छ ।

**अव म क्षेत्रगत नीतिलाइ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**सामाजिक विकास क्षेत्र**

**शिक्षा**

- पालिकाभित्र दुइवटा वहुप्राविधिक नमूना विद्यालय वनाई कमाउदै पढ्दै, त्यहीवाट सीपमुलक, कृषि उद्यमी र आत्मनिर्भर हुने कार्यक्रम संचालनमा ल्याईनेछ ।
- सामाजिक आर्थिक रुपान्तरणका लागी मानव संसाधनको विकास भन्ने सोचका साथ सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव प्राप्त गराएर मात्र बिद्यालय कक्षामा भर्ना गर्ने नीति लिइनेछ । आधारभूत तहको शिक्षालाइ अनिवार्य तथा निशुल्क र माध्यामिक तहको शिक्षालाइ निशुल्क भन्ने संबैधानिक प्रावधानलाइ पूर्ण रुपमा सुनिश्चित तुल्याइनेछ । जसका लागी शिक्षालाइ गुणस्तरीय, जीवन उपयोगी र प्रविधि मैत्री तुल्याउदै लगिनेछ भने शिक्षामा सिपमूलक, व्यवसायिक र समतामूलक पहुँचको विस्तार गरिनेछ ।
- स्थानिय सापेक्षतामा आधारीत मौलिक बिशेषतायुक्त पाठ्यक्रमको विकास र कार्यन्वयन गरीनेछ ।
- द्वन्द पिडित, सहिद परिवार, दलित, जेहेन्दार, अपाङ्ग, टुहुरा, अतिविपन्न, विपन्न एकल महिलाका विद्यार्थीहरुमध्येवाट छनौट गरी छात्रबृति तथा शैक्षिक सामग्री वितरणका लागी गाउँपालिकामा नगद तथा जिन्सी कोष  स्थापना गरिनेछ ।
- सामाजिक कुरीतिलाई बहिष्कार गरौ, सामन्तवादी मनोविज्ञानलाई तिरष्कार गरौं भन्ने मुल भावनाका साथ पहुँचका आधारमा सिप विकास तथा पेशा व्यवसायको अवसर प्रदान गरीने संस्कारलाइ पूर्ण रुपमा अन्त्य गरीनेछ । अवसरलाइ पहुँचसँग जोड्ने कार्यलाइ सामाजिक अपराधको रुपमा लिइनेछ भने यस्तो कार्यमा संलग्न जुनकुनै गतिबिधि कानुनको दृष्टिमा क्षम्य हुने छैन ।
- पाठ्यपुस्तक पाठ्यक्रमका पाठ्य सामग्री आपुर्ति व्यवस्थापन विद्यालय नक्सांकन अनुमति स्वीकृति समायोजन नियमन, विद्यार्थी सिकाई उपलब्धीको परिक्षण जस्ता कार्यहरू शिक्षा मन्त्रालय, विभाग समन्वय इकाई को समन्वय गरी आवश्यक व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण विकास, प्रवर्द्न र स्तरीयकरण का लागि विद्यालय स्तरमा स्वच्छ प्रतिस्पर्धा गराइनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- त्रिवेणी गाउँपालिकाको समग्र भूगोललाई समेटेर बहुप्राविधिक शिक्षा तथा उत्पादन विकास केन्द्रको लागि सम्भाव्यता अध्ययन गरी स्थापनाको लागि पहल गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका आधारभुत विद्यालहरुको सम्भाव्यता अध्ययन गरी नमुना विद्यालय निर्माणको नीति लिइनेछ ।
- त्रिवेणी गा.पा. मा हाल सम्म नमुना विद्यालयका लागी आधारभुत रुपमा गरिएका कामका पहलको आधारमा नमुना विद्यालयको विकासका लागी सम्भाव्यता अध्ययन मार्फत थप कार्य थालनी गरीनेछ ।
- बालविकास केन्द्र सहित १- ५ तहका विद्यार्थीका लागी ड्रेस वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ । चालु आ.व.का शिक्षा विकास तथा सुधार सम्बद्ध कार्यक्रम तथा लगानीलाई निरन्तरता दिइनेछ ।
- त्रिवेणी गा.पा.लाई समेटेर हामिले प्राप्त गरेको ज्ञान, सिप, कला सौन्दर्यलाई संरक्षण, संवर्दन र क्षमता विकासका लागी एक सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागी शिक्षामा आधारित प्रविधि प्रयोग कार्यक्रमलाइ थप प्रभावकारी रुपमा सञ्चालन निरन्तरता दिइनेछ ।
- "शिक्षण मेरो कर्म हो, शिक्षामा विकास मेरो धर्म हो" भन्ने आदर्श वाक्यलाइ आत्मसाथ गर्दै शिक्षण पेशामा संलग्न जनशक्तिले शिक्षण क्रियाकलाप, शिक्षण समय र शिक्षण पेशामा प्रत्यक्ष असर पर्ने गरी कुनै संघ संस्थामा प्रतिनिधित्व गर्न, व्यापार व्यवसाय वा कम्पनी खोल्न, मादक पदार्थ सेवन लगायत सामाजिक विकृतिजन्य क्रियाकलाप गर्न पूर्णतः रोक लगाइनेछ भने सो कार्यलाइ कानुन बमोजिम दण्डनीय तुल्याइनेछ । जसका लागि गाउँपालिका स्तरबाट नियमित तथा प्रभावकारी अनुगमन प्रणालीको विकासका लागी स्थानिय तह सापेक्ष कानुनको तर्जुमा गरीनेछ ।
- शिक्षालाई समयानुकुल विकास गर्दै बढी भन्दा बढी व्यवहारिक, जीवन उपयोगी तुल्याउन सो क्षेत्रमा क्रियाशिल शिक्षक तथा अन्तर सम्बन्धित व्यवस्थापन समिति तथा अभिभावकलाई तालिम को व्यवस्था गरिने छ । सो कार्यले शिक्षाका नविनतम आयामहरुलाई शिक्षण सिकाई क्रियाकलाप मार्फत विद्यार्थीको बहुआयामिक विकास गर्ने अपेक्षा लिईएको छ ।
- परिक्षा प्रणालीलाई परम्परागत मूल्यांकनमा मात्र सिमित नराखि विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता र विषयवस्तु प्रतिको जागरुपता समेतलाई नविनतम रुपमा चेकजाँच गरि मूल्यांकन गरिने पद्धतिको विकास गरिनेछ । केही सिकेर केही बुझेर वास्तविक उपलब्धी हासिल गरेर मात्र उतिर्ण गर्ने पद्दतिको विकास गरिनेछ । कक्षा पास गर्ने कुरालाई प्रक्रियागत रुपमा मात्र लिने र परिक्षा सँग असम्बन्धित कार्य गर्ने शिक्षक, विद्यार्थी, अभिभावक जो कसैलाई पनि कारवाहीको दायरामा ल्याईने छ । यसका निमित्त परिक्षाको समयमा मात्र नभई नियमित अनुगमनलाई व्यवस्थित गरिनेछ ।

- "शिक्षाको चिन्ता तपाई लिनुस, शैक्षिक विकासको चासो हामी गर्छौं" भन्ने आह्वानका साथ सबै विद्यालयका प्रधानाध्यापकहरुलाइ बाह्य पहुँच र सम्बन्ध निर्माणमा भन्दा आन्तरीक रुपमा कुशल व्यवस्थापक तथा उत्प्रेरित परिचालकको रुपमा विकास गरीनेछ जसका लागी गा.पा. अध्यक्षको नेतृत्वमा, गा.पा. उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक र शिक्षा अधिकृत सम्मिलित, बिद्यालय प्रधानाध्यापकको संगठन व्यवहार तथा संस्थागत नेतृत्व क्षमता विश्लेषण इकाइ गठन गरीनेछ । जसले मासिक रुपमा प्र.अ.हरुको संगठन व्यवहार सम्बद्ध बहुआयामिक पक्षको बिश्लेषण गरी संगठनका लागी वास्तविक नेतृत्वको पहिचान र कार्यन्वयन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई नियमित रुपमा विद्यालयको समस्या, विकास र व्यवस्थापनमा केन्द्रित तुल्याउन सामुदायिक क्षेत्रमा क्रियाशिल र प्रतिबद्ध व्यक्ति, कानुनको परिधिभित्र गठित व्यवस्थापन समिति, दोहोरो जिम्मेवारी नभएको नेतृत्व भन्ने तथ्यलाइ अभियानात्मक रुपमा लागु गरिनेछ । जसले गर्दा व्यवस्थापन समितिको नेतृत्वबाट सम्बन्धित क्षेत्रको योगदान, विकास र व्यवस्थापनमा सारभूत समय र ध्यान पुग्ने विश्वास लिइएको छ ।
- शैक्षिक पक्ष तथा शिक्षा क्षेत्र लाई व्यवस्थित तुल्याउन गाउँपालिका स्तरबाट प्रभावकारी अनुगमन गरिनेछ,जसलाई पुरस्कार र दण्ड सँग आवद्ध गरि वास्तविक कामको वास्तविक मूल्यांकन गरिनेछ ।
- गाउँपालिका अनुदान शिक्षक हरुलाई निरन्तरता दिईनेछ र त्रिवेणी गाउँपालिकामा गुणस्तरिय शिक्षाका लागी विषयगत शिक्षकहरुको पहल गर्दै लिईनेछ र गाउँपालिका भित्रका विद्यालयहरुमा स्थायी, राहत, गाउँपालिका अनुदान बाहेकका कुनै पनि शिक्षकहरु राखिने छैन ।
- त्रिवेणी गाउँपालिकाका सबै विद्यालयहरूमा स्वस्थ जीवन जीउनका लागी योगा शिक्षा, आयुर्वेद शिक्षा, मानव अधिकार शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकामा संचालित सामुदायिक अध्ययन केन्द्रहरूलाई सम्बन्धित वडाको विद्यालयको मातहतमा रहने गरी व्यवस्था गरिनेछ । साथै हालसम्म वि.व्य.स. गठन नगरेका विद्यालयहरुलाई आ.ब. ०७८।०७९ देखि शैक्षिक अनुदान वि.व्य.स. गठन नहुँदासम्मका लागि कटौती गरिनेछ ।
- शिक्षा क्षेत्रमा गुणस्तरियताका लागी "विद्यालयमा सरकार प्रमुख" कार्यक्रम संचालन गरी अनुगमन, निरिक्षण र सहयोगलाई प्रभावकारी वनाईने छ ।
- दलित, विपन्न र जेहेन्दार विद्यार्थीका लागी विशेष छात्रवृति को व्यवस्था गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका सवै तहका शैक्षिक संस्थाहरुको लागी आवश्यक कक्षाकोठा, खेल मैदान, शैक्षिक सामाग्री, घेराबार, शौचालय, फर्निचर, खानेपानी लगायतका आधारभूत विषयहरु परिपुरण गरिदै लिईनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- शिक्षकहरुको सरुवा, काज सरुवा, निलम्बन, कारवाही लगायतका कार्यहरु स्थानिय शिक्षा ऐन मा भएको व्यवस्था अनुसार गरिनेछ ।

**स्वास्थ्य**

- स्वस्थ, उत्पादनशिल, क्रियाशिल, जिम्मेवार र सुखि नागरीक भन्ने तथ्यलाइ त्रिवेणी गाउँपालिकाको सामाजिक पहिचानकै रुपमा विकास गरिनेछ । जसका लागी गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्यकर्मी तथा स्वास्थ्य केन्द्रसम्म सहज पहुँच, स्वास्थ्य सेवाको सन्तुलित विकास र उत्तरदायी संयन्त्रको निर्माण गरिनेछ ।
- स्वस्थ जीवनशैली र उपचार पद्धती मार्फत निरोगी समाजको निर्माण गरिनेछ । रोग नियन्त्रण कार्यलाइ प्रभावकारी तुल्याउन प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थानात्मक उपचार कार्यका लागी आधारभूत देखि विशिष्टिकृत स्वास्थ्य सेवाको दिगो सोच सहित एलोप्याथिक चिकित्सा पद्धतीमा मात्र निर्भर नभई मानव जीवन, व्यवहार र विकाससँग सम्बन्धित वैकल्पिक चिकित्सा पद्धतिहरुः जस्तो आयुर्वेद चिकित्सा पद्धती, प्राकृतिक चिकित्सा पद्धति लगायतको योजनाबद्ध विकास र विस्तार गरीनेछ ।
- मानव जीवन पथको अवधारणा अनुरुप सबै उमेर समूहका नागरिकहरुको स्वास्थ्य आवश्यकतालाई ध्यान दिएर मातृ तथा वालस्वास्थ्य, किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, दीर्घरोगी, एच.आई.भी लगायतका क्षेत्रमा प्राथमिकताका साथ स्वास्थ्य सम्बन्धि कार्यक्रम कार्ययोजना लागू गरिनेछ ।
- संघीय सरकारको नीति अनुरुप प्रत्येक वडामा स्थापना गर्ने भनिएको आधारभूत स्वास्थ्य इकाई स्थापना भएकालाई सञ्चालनमा ल्याइनेछ र थप थालनीका लागी पहल गरिनेछ र साविकका स्वास्थ्य चौकिहरूमा ल्याब र बर्थिङ सेन्टर सहितको व्यवस्थापन गरिनेछ ।
- त्रिवेणी गापाको खारानेटामा विशेषज्ञ सेवा सहितको १५ बेड क्षमताको अस्पताल निर्माण कार्यलाई निरन्तरता दिदै थप पुर्वाधार विकासका लागि पहल गरिनेछ ।
- त्रिवेणी गाउँपालिका खारानेटामा संचालित नागरिक आरोग्य आयुर्वेद केन्द्रलाई थप सुधार गरिनेछ ।
- अनधिकृत रुपमा संचालनमा रहेका मेडिकल, औषधीपसल, अस्पताल, क्लीनिकहरुको नियमित अनुमगन, निरीक्षण गरी कानूनी दायराभित्र नआनेहरुलाई वन्द गरिनेछ ।
- अति विपन्न परिवारलाई रु. १ लाखसम्मको शिशुल्क स्वास्थ्य विमा गरिनेछ, आँखा, कान, नाक, घाँटी, मानसिक रोगसम्वन्धी घुम्ती शिविर संचालन गरिनेछ, र दुर्गम स्थानमा खोप केन्द्र स्थापना गरिनेछ ।
- त्रिवेणी गा.पा. का वडाहरुमा निर्मानाधिन आधारभूत स्वास्थ्य केन्द्रहरुको थप व्यवस्थापन गर्नुका साथै त्रिवेणी १० को बरनेटी मा सामुदायिक स्वास्थ्य इकाइको भवनका लागि पहल गरिनेछ ।
- परम्परागत उपचार पद्धतिलाई व्यवस्थित गर्दै वैज्ञानिक उपचार पद्धतिमा ध्यान दिइनेछ ।



त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- प्रत्येक स्वास्थ्य केन्द्रवाट महिनामा १ प्याकेटका दरले महिलाहरूलाई निशुल्क सेनेटरी प्याड वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- विपन्न तथा उच्च जोखिममा रहेका गर्भवती महिलालाई प्रसूति गराउन स्वास्थ्य संस्थासम्म लैजान निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्था मिलाइनेछ।
- नेपाल सरकार लगायतका निकायसँग सहकार्य गरी गरिब विपन्न, सहिद परिवार, घाइते परिवारलाई स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न सरुवा तथा महामारी जन्य रोग नियन्त्रणका लागी अग्रसरतामा आधारित स्वास्थ्यकर्मी क्रियाशिलता तथा नागरिक चेतना विकास सम्बद्ध कार्यक्रमलाइ संघ, प्रदेशमा समन्वय गरी अभियानात्मक रुपमा अगाडि बढाउदै लगिनेछ।
- प्रत्येक विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन गरिनेछ, साथै प्रत्येक विद्यालयमा प्राथमिक उपचारका सामग्री, सेनेटरी प्याड व्यवस्था गरिनेछ।
- स्वास्थ्यसँग सम्बन्धित तथ्यांकको संकलन र प्रतिवेदनलाई बास्तविकतामा आधारित तुल्याउने र सामयिक अद्यावधिक कार्यालाई व्यवस्थित तुल्याइनेछ।
- उत्पादन र सम्बृद्धिका लागी युवा जनशक्ति र युवा जनशक्तिका लागी मातृ स्वास्थ्य भन्ने तथ्यलाई आत्मसाथ गर्दै मातृ तथा गर्भवती स्वास्थ्य तथा सुरक्षामा विशेष कार्यक्रम र योजना ल्याइनेछ। बालविवाह अन्त्यका लागी ०७८।७९ को नीति कार्यक्रममा पारित भएदेखि लागु हुने गरी बालबिवाह प्रतिबन्ध गरि अभियानकै रूपमा कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य महिला स्वंसेविकाहरुलाई यातायात, पोषाक, सञ्चार र खाजा खर्चको व्यवस्था गरीनेछ।
- किशोरी कार्यक्रम अन्तर्गत महिनावारी, सरसफाई तथा यौन शिक्षा उपलब्ध गराइनेछ र पाठेघर खस्ने समस्या न्यूनीकरणका लागी स्क्रिनिङ्ग क्याम्प सञ्चालन गरी निशुल्क अपरेशनको पहल गरिनेछ।
- नोबेल कोरोना भाईरस कोभिड-१९ महामारी रोग नियन्त्रण तथा रोकथामका लागी त्रिवेणी गाउँपालिकामा कोष स्थापना गरिनेछ साथै आइसोलेशन भवन, क्वारेन्टाइन स्थलमा स्वास्थ्य सामग्रीको उचित व्यवस्था गरिनेछ।
- नोबेल कोरोना भाईरस कोभिड-१९ लगायतका महामारी, रोग नियन्त्रण तथा रोकथामका लागि खटिने जनप्रतिनिधी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, स्वयम सेवकहरूको उचित परिचालन गरी कोरोना सम्बन्धी जोखिम भत्ताको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र मनोसामाजिक परामर्श स्वास्थ्य सेवा अगाडि बढाइनेछ।
- स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरूमा स्वास्थ्यकर्मीहरूलाई तालिमको व्यवस्था गरिनेछ।
- विपन्न गरिव परिवारका सदस्यको स्वास्थ्य उपचारमा सहज वनाउन स्वास्थ्य विमाको व्यवस्था गरिनेछ।

**रोजगार**

- आर्थिक वर्ष २०७८।७९ मा त्रिवेणी गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई सम्बन्धित कार्यविधिलाई केन्द्रमा राखी, वास्तविक बेरोजगारहरुलाई प्राथमिकतामा राखी समुदाय स्तरमा अत्यावश्यक उल्लेखनीय दीगो कार्यमा लगानी तथा परिचालन गरिनेछ । जसमा त्रिवेणी गाउँपालिकाका सडक सरसफाई, सामुदायिक स्वास्थ्य केन्द्र, पानी अभाव भएका स्थानमा हिउँपोखरी, संकटमा परेका अपरिहार्य साना साना खानेपानी योजना, पर्यटन र शिक्षा क्षेत्रका पर्यटनमार्ग, सिढी, पार्क, खेलमैदान मर्मत तथा निर्माण कार्यहरुलाई विशेष प्राथमिकतामा राखेर कार्य सञ्चालन गरिनेछ ।
- आर्थिक वर्ष २०७८/०७९ मा त्रिवेणी गाउँपालिकामा प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमका साथै गाउँपालिकाबाट सञ्चालन हुने सामुदायिक स्तरका आयोजनाहरुमा करिब १२ सय बेरोजगार व्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गरिनेछ ।

**बहुक्षेत्रीय पोषण**

- आर्थिक वर्ष २०७८।७९ मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसले १०० दिनका आमा र बच्चा तथा जेष्ठ नागरिक दीर्घरोगी लाई असर गर्ने र कुपोषणको मात्रा बढ्न सक्ने भएकाले पोसिलो खानेकुरा र पोषणयुक्त कुरालाई जोड दिन यस गाउँपालिकामा सञ्चालनमा रहेको बहुक्षेत्रीय पोषण योजनालाई आ.व.०७८।७९ मा प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।
- प्रत्येक गर्भवती महिलाको घरमा हरियो झन्डा राख्ने र "आमालाई खाना र शिशुलाई नाना" कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**खानेपानी तथा सर-सफाई -पिउने पानी पहँचमा स्वच्छ र शुद्दता,**
**एक घर एक धारा त्रिवेणी गाउँपालिकाको प्रतिवद्धता भन्ने नाराका साथ**

- स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरीकको पहुँच स्थापित गरिनेछ ।
- मानव मलमुत्र तथा फोहोर पानी व्यवस्थापन गरी मानव तथा वातावरणिय स्वच्छता कायम गराउन आयोजनाहरु समयमै सम्पन्न गर्ने तथा व्यवस्थित रुपमा दिगो आयोजना निर्माणमा जोड दिइनेछ ।
- अत्यावश्यकिय खानेपानी आयोजनाको पहिचान गरि प्राथमिकताका आधारमा विभिन्न साझेदार निकायहरुसँगको सह लगानी मार्फत निर्माण सुनिश्चितता प्रदान गरीनेछ ।
- खानेपानी आयोजनामा फोहोर पानीको उत्सर्जन र दुरुपयोग न्यूनिकरण गर्दै उत्पादित फोहोर पानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने गरी व्यवस्थापन योजना लागु गरिनेछ ।
- खानेपानी सरसफाई आयोजनाहरुलाई जलवायू अनुकुलन, विपद जोखिम न्यनिकरण र दिगोपना कायम हुनेगरी निर्माण तथा जनचेतना अभिबृद्धि गरीनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- एक घर एक धारा निर्माण कार्यलाई अभियानको रुपमा निरन्तरता दिईनेछ । भएका जति पानीका स्रोतहरु सुकाएर गाउँमा ल्याउने प्रवृतिलाई वैकल्पिक उपाय मार्फत नियन्त्रण गर्दै लगिनेछ ।
- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरीपरी बृक्षारोपण, मर्मत संभार, साना योजना निर्माण, ढल निकास, डम्पिङ साईड निर्माण, पाईप खरीद जस्ता कार्यक्रमको लागि गत आ.व. भन्दा फरक ढंगले मर्मत संभार कोषमा एकमुष्ट बजेट व्यवस्थापन गरी प्राथमिकता भित्र प्राथमिता तोकि सामाजिक न्यायमा आधारीत भएर जनसहभागिता समेतको आधारमा मर्मत तथा निर्माण कार्य सञ्चालन गरीनेछ ।
- लिफ्टिङ खानेपानी र लिफ्ट कृषि सिंचाई, थोपा सिंचाई, हिउपोखरी, प्लास्टिक पोखरी, सिमेन्टेड पोखरी निर्माण कार्यक्रमहरु संचालन गरी हरियाली गाउँटोल बनाई जलवायु अनुकुलन र ताजा तरकारी उत्पादनमा सहयोग पुग्ने कार्यक्रम संचालन गरीनेछ ।
- वडामा भएका खानेपानी तथा सरसफाइ समिति, टोल सुधार समिति, समुदाय, संघ संस्था सँग साझेदारी गरी ढल तथा डम्पिङ साइड व्यवस्थापन सहितको पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका निपाने स्थान हरुमा प्रधानमन्त्रि तथा मुख्य मन्त्रि रोजगार कार्यक्रम मार्फत हिम पोखरीहरु निर्माण गरिनेछ ।
- गत आ.व. मा डि.पि.आर. भएका खानेपानी योजनालाई पहिलो प्राथमिकतामा राखी बाँकि रहेका महत्वपूर्ण खानेपानी आयोजनाहको विस्तृत अध्ययन प्रतिवेदन तयार गराउने कार्य अगाडि बढाइनेछ ।
- त्रिवेणीबासी लाई स्वच्छ खानेपानीको गुणस्तर कायम गर्न पानीको गुणस्तर परिक्षण कार्यलाई तीव्र रूपमा अगाडी बढाइनेछ ।
- त्रिवेणी गा.पा. का हाल सम्म निर्मित खानेपानी आयोजनाहरु रिजरभ्वायर ट्याङ्की भन्दा बाहिर बाट कुनै पनि व्यक्ति, समुह, समितिले आफुखुसी पानी जस्तो महत्वपूर्ण श्रोतको चुहावट गरी कृतिम अभाव श्रृजना गर्ने लाई विद्यमान सार्वजनिक अपराध ऐन, सरह घटना प्रकृति हेरी आर्थिक जरिवाना, दण्ड वा दुवै सजाय गरिनेछ ।
- एक घर एक धारा त्रिवेणी गाउँपालिकाको मिसन र भिजन हो, यो स्थानिय सरकारको परिकल्पना मात्र होइन नीति कार्यक्रम र कार्यान्वयन हुने कार्यक्रम हो । अहिले त्रिवेणी गा.पा. का धेरै वडाहरुमा एक घर एक धारा प्रयोगमा आएका छन ति नमुना योग्य पनि छन, अरु कसैले गायत्रि जपे जस्तो छैन यसलाई निरन्तरता दिने र समग्र व्यवस्थापन गरिने छ ।
- खानेपानी क्षेत्रमा सुरक्षित पिउने पानी दिगो व्यवस्थापनको लागी एक घर एक धारा क्रमागत रुपमा चलिरहने छन र तत्काल पानीको ठुलो संकटमा परेका साना योजनाहरुको लागि वजेट व्यवस्थापन गरिनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## सामाजिक, साँस्कृतिक प्रवर्द्धन

- सामाजिक साँस्कृतिक विविधतामा गौरव गर्ने एकता वद्ध नेपाली समाजको विशेषता हो । जस अन्तर्गत सबै जाति समुदायको परम्पराको जगेर्ना गरी मौलिक पहिचान र राष्ट्रिय एकतामा अभिवृद्धिका लागि टेवा पुऱ्याउने गरी सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन मार्फत पर्यटकिय उपजको रुपमा विकास गरीनेछ ।
- भाषा, साहित्य, लिपि, संगित, नाट्यकला, ललित कला क्षेत्रको वृहत्तर विकासमा जोड दिने गरी सबै समुदायको सामाजिक, साँस्कृतिक, धार्मिक मुल्य मान्यताको कदर, संरक्षण, सम्मान गर्दै राष्ट्रिय एकता भाव जगाउन साँस्कृतिक पुरातात्विक महत्वका सम्पदाहरुको निर्माण तथा पूनःनिर्माण गर्नुका साथै जनयुद्ध र जनआन्दोलनका समयमा भएका विरता र वलिदानका साहसिक कार्यको उत्खनन्, संरक्षण र जगेर्ना गरिनेछ ।
- ऐतिहासिक धार्मिक एवम पुरातात्विक महत्वका सम्पदाहरुको खोज, अन्वेषण गर्न निजि क्षेत्र, समुदाय सँग सहकार्य गरी पर्यटकिय उपजको रुपमा वडा नं.७ मा रहेको संग्राहलयलाई व्यवस्थित गरिनेछ ।
- आम त्रिवेणीबासी समुदायलाई समाजवादी आर्थिक प्रणालीमा डोऱ्याउने आधारको रुपमा कार्य शुरु गरिनेछ । विभिन्न कला, साहित्य, जनयुद्ध संग्रहालय, सँस्कृति, भाषा, धर्म, कृषि पर्यटनलाई आर्थिक समृद्धिको आधार भएकाले त्यसमा युवाहरुलाई रोजगारमूलक तुल्याउन पर्यटन गुरु योजना को निर्माण गरिनेछ ।
- संस्कृति संरक्षण र प्रबर्द्धनका लागि त्रिवेणीमा भएका सिंगारु नाच, ठारी भाका, भुमे नाच, झ्याउरे नाच, मयुर नाच, पैसेरी नाच, तिज विशेष कार्यक्रम, पञ्चे बाजा, विभिन्न दिवस चाडपर्वलाई परिस्थिति अनुरुप परिचालनका लागि वृहत साँस्कृतिक समिति बनाएर बजेट व्यवस्थापन गरी समाजवादी झल्को दिने कार्यक्रम संचालन गरिनेछ । साथै वडास्तरमा वडा साँस्कृतिक समिति बनाएर सञ्चालन गरिनेछ ।
- पालिका भित्र रहेका ऐतिहाँसिक सांस्कृतिक सम्पदा, लोककला साहित्य र संस्कृतिको प्रवर्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिने छ ।

## खेलकुद मनोरञ्जन

- राष्ट्रको लागि खेल, स्वास्थ्यका लागि खेल मात्र नभएर मनोरञ्जन मार्फत आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको माध्यमको रुपमा खेल क्षेत्रलाई बुझ्न र बुझाउनु पर्ने देखिन्छ । युवाको सर्वाङ्गिन विकास र राष्ट्रियहितको रुपमा खेल क्षेत्रको उपयोग गर्दै युवा दक्षता र क्षमताको विकास गर्ने कार्यलाई अगाडी बढाउने प्रत्येक वर्ष त्रिवेणी शहिद कपका लागि बजेट व्यवस्था गरिनेछ ।
- उद्यमशिलताको निर्माण, स्वरोजगारीको विकास, शासकिय प्रकृया एवम आर्थिक सामाजिक रुपान्तरणमा युवाहरुको सार्थक सहभागिता, स्वावलम्वि, चरित्रवान, सृजनशिल, सकारात्मक सोचयुक्त नेतृत्व क्षमताको विकास, प्राविधिक तथा व्यवसायीक सिपयुक्त जनशक्ति विकासमा



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

जोड दिइनेछ । युवाहरुमा स्वयंसेवी भावना र संस्कृतिको विकास गर्न युवा आचरण र अनुशासनलाई प्राथमिकतामा राखेर कार्य गरीनेछ ।

- खेलक्षेत्रका कामहरुलाई निरत्तरता दिने र निरुत्साहित हुँदै गएका खेल सम्बन्धि स्काउट खेल संरचना लगायत क्षेत्रलाई पुनःस्थापना गर्ने र कतिपय भईरहेका खेलक्षेत्र क्रिकेट खेल, फुटबल खेल, बास्केट बल, ब्याडमिन्टन खेल, कबर्डि जस्ता खेलको लागि उपयुक्त स्थान खोजि खेल मैदान निर्माणको पहल गरिनेछ । साथै सोका लागी तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ ।
- त्रिवेणी गा.पा.को दहबाङमा एउटा कबर्डहल सहितको खेलमैदान निर्माण गरीनेछ भने एक वडा एक खेल मैदानको नीति लागु गरी क्रमागत रुपमा खेलमैदान निर्माण कार्य सम्पन्न गरीनेछ ।
- अनुशासित र व्यवस्थित खेलकुदका लागी गाउँपालिका स्तरीय स्पष्ट आचार संहिता, नीति तथा मापदण्ड, कार्यविधि बनाएर मात्र सोको मार्गदर्शन सहितको बजेट व्यवस्थापन गरीनेछ ।
- गाउँपालिकामा योग्य र सवल नागरिक निर्माण गर्न युवाहरुका लागी खेल, मनोरञ्जन, ज्ञानसीप उत्पादन मुलक विकास गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- जनयुद्ध र जनआन्दोलन का सहिद परिवारको लागि मासिक रु.१००० भत्ताको व्यवस्था गरिनेछ र आर्थिक वर्षमा सो वापत हुन आउने रकम सहिद परिवारहरुको शेयर रहने गरी स्यार्पू हाईड्रोपावरमा शेयर लगानी गरिनेछ ।
- त्रिवेणी गाउँपालिकामा हालसम्म निर्मित सडक संजालहरुलाई शहिदहरुको नाममा तत्काल नामाकरण गरिनेछ ।
- विकासका लागि समतामुलक राष्ट्र निर्माण गर्नु संवैधानिक अविष्ट भएकाले आगामी लक्षितका कार्यक्रम निर्माण गर्दा व्यवसायीकरणलाई पहिलो प्राथमिकतामा राखी लैङ्गिक समानता, महिला श-सक्तिकरण, बालबालिकाको संवेगात्मक विकास, किशोर किशोरी सचेतना आदि कार्यको व्यवस्थित सुरुवात गरिनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशील विकासका कार्यकमहरु संचालन गरिनेछ ।
- लैंगिक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनका लागि सामुदायिक संयन्त्रलाई सशक्त रुपमा परिचालन गरिनेछ र सुरक्षित आवास (सेफ हाउस) सञ्चालन गरिनेछ ।
- महिला सहकारीमा आवद्ध महिलाहरुलाई साझा व्यवसाय स्थापनाको लागि बहुउपयोगी हुने खालका कार्यमा लगानी गर्नेगरी अनुदान रकम उपलब्ध गराइनेछ ।
- आपतकालिन अवस्था तथा हिंसा पिडित महिला, बालबालिकाहरुको तत्काल उद्धार तथा पारिवारिक पुनः स्थापनाको लागि कोष स्थापना गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, भूमिहीन, घाईते अपांग, बेपत्ता परीवार, शहिद परीवार, सिमान्तकृत टुहुरा बालबालिका, एकल महिलाका लागि सम्मानजनक जीवनयापन गर्न बिशेष कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- अपांगता भएका सम्पूर्ण व्यक्तिहरुलाई अपाङ्ग परिचय पत्र वितरण तथा नविकरण गरिनेछ ।



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- भौगोलिक विकटतालाई मध्यनजर गर्दै अपांगता परिचयपत्र वितरणका लागी घुम्ति शिविर संचालन गरिनेछ ।
- मध्यम अपांगता भएका व्यक्तिहरुका लागी जीविकोपार्जन हुने खालका सीप सिकाएर व्यवसायिक बनाइनेछ र यसको लागि डाटा संकलन गरिनेछ ।
- पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपांगता भएका व्यक्तिहरुलाई अपांगताको प्रकृतिको आधारमा पुर्नस्थापनाको लागि आवश्यक सामग्री तथा संरचना निर्माणको लागी पहल गरिनेछ ।
- नमुना दलित बस्ती विकास अन्तर्गत विपन्न दलित, अति विपन्न परिपारलाई खरको छाना मुक्त कार्यक्रम, सीप विकास तालिम लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई सबै तहका सरकार बिच समन्वय सहकार्य गरी प्राथमीकताका आधारमा कार्यन्वयन गरीनेछ ।
- ७० वर्ष माथिका जेष्ठ नागरिक सम्मान लगायतका कार्यक्रमहरुको लागि विशेष बजेट व्यवस्थापन गरी राहत सहयोग वितरण प्रणालीलाई समय सिमा भित्र रहेर सम्मान तथा कार्यप्रणाली चुस्त गरीनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रका सम्पूर्ण सहिदहरुका नाममा विद्यालयमा सहिद छात्रवृत्ति भनेर प्रत्येक वर्षमा केही कोषको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार तथा उचित संरक्षणका लागि युवा वर्गलाई जिम्मेवार बनाउने खालका कार्यकम संचालन गरिनेछ ।
- सबै किसिमका बालश्रम अन्त्य गरि बालमैत्री गाउँपालिका स्थापना घोषणा कार्यक्रम गरिनेछ ।
- बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण दुर्व्यवहार अन्त्य गरिनेछ ।
- बालबालिकाहरुको सर्वोपरि विकासको लागि बाल क्लव तथा बाल सञ्जाल गठन गरिनेछ ।
- न्युन आर्थिक अवस्था, विपद् तथा जोखिममा परेका बालबालिकाको शैक्षिक तथा स्वास्थ्यमा तत्काल सुधार व्यवस्थापनको लागि कोष स्थापना गर्ने र तिनीहरुको तथ्यांक संकलन गरिनेछ ।
- सामाजिक रुपमा विद्यमान अवस्थामा देखिएका बोक्सि, धामि, झाँक्रि, छुवाछुत, लागु औषध सेवन तथा कारोवार, मदिरा सेवन, बिक्रि वितरण, जुवा तास, बालबिवाह, बहु बिवाह, अनमेल बिवाह, आध्यात्मिक तन्त्रमन्त्र, अपहेलना जस्ता सामाजिक कलङकहरुलाई संविधान र कानुनी हिसाबले बर्जित गरीएकोले, कडाईका साथ परीपालना गरीनेछ । जिम्मेवार व्यक्ति, संघसंस्था, समुदायबाट यस्ता सामाजिक विभेद आउने गरी सघाउ पुग्ने कार्य गर्ने गराउनेहरुको हकमा तत्काल कानुनी उपचारको बिधि प्रयोग गरीनेछ ।
- महिला सीप विकास केन्द्र स्थापना गरिनेछ, सञ्चालित आयोजना तथा कार्यक्रममा कम्तिमा ४० प्रतिशत महिला र १० प्रतिशत अपांग वा अल्पसंख्यक वा दलित समुदायको सहभागीता सुनिश्चित गरिनेछ ।
- आर्थिक रुपले विपन्न र निम्न आय भएका महिलाहरुको पेशागत संलग्नता र क्षमता समेटेर गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यकम (मेड्पा) लाई डाटावेश बनाईनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- त्रिवेणी गा.पा. मा युवा वहुल जनशक्ति छरिएर रहेको छ वेरोजगारीको विकराल समस्या छ । हाम्रा लागी यो विगत देखी चुनौती वन्दै आएको छ । यो चुनौतीको श्रृजना हामिले गरेको होईन भुमण्डलिकृत वित्तिय एकाधिकार पुँजिले विश्वव्यापी रुपमा ल्याएको संकट हो यसका विरुद्ध लड्न सानो पुँजी भएपनि  युवाहरुको व्यापक परिचालन गर्ने गरी रोजगारीको आधार स्तम्भ तयार गर्ने वजेट व्यवस्थापन गरिने छ ।
- जेष्ठ नागरीक, दलित, महिला, अपाङ्ग, कला संस्कृति संरक्षण, सहकार्य समुह, शहिद, घाईते, वेपत्ता परिवार, स्वास्थ्य विमा, कलाकार, विद्यार्थी, खेलकुद लगाएतका विषयमा वजेट विनियोजन गरिनेछ ।
- उत्पीडित र विपन्न समुदायको विकास र उन्नतीका लागी महिला र दलित समुदाय लक्षित आयआर्जन कार्यक्रम संचालन गरिनेछ र महिलाले उत्पादन गर्ने उत्पादन उद्योगमा अनुदान दिने कलेक्शन सेन्टर बनाउने, प्याकेजिङ, व्यान्डिङ गर्ने र पालिकाकै पहलमा किनिदिने वा बजारसँग लिंक गराईनेछ ।
- पालिका भित्रका जेष्ठ नागरीकहरुका लागि “सरकारको नासो” कार्यक्रम संचालनमा ल्याई स्वास्थ्य, पोषण र लजिष्टिक लगाएतका सामग्रीहरुको व्यवस्था गरिनेछ ।
- अति विपन्न गरिव परिवारलाई आयआर्जन कार्यक्रम मापदण्डका आधारमा संचालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रका अपाङ्ग भत्ता लिएका वाहेकका अपाङ्गहरुका लागी अपाङ्ग सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकामा बाल विवाह अन्त्य वालविवाह गर्नु पुर्व कानुनले तोके अनुसारको जन्म दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य रुपमा सम्वन्धित वडा कार्यालयमा वुझाउनु पर्नेछ ।

**आर्थिक विकास क्षेत्र**

**<u>कृषि तथा पशुपालन</u>**

दिगो तथा प्रतिस्प्रर्धात्मक कृषि प्रणालीलाई मूलधारको रूपमा अवलम्बन गर्दै आर्थिक "समृद्धिको यात्रामा त्रिवेणी गाउँपालिका" भन्ने नाराका साथ,

- कृषिक्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र उत्पादित कृषिजन्य वस्तुहरुको उचित वजारीकरणको माध्यमबाट  किसानहरुको जीवनस्तर माथि उठाउन कृषि सहकार्य समुह गठन गरी प्राविधीक सेवा, सहुलियत ऋण समेत व्यवस्ता गरेर प्रत्येक घर परिवारलाई कृषि उत्पादन मार्फत आयआर्जन एवंम रोजगार वनाउने नीति लिईनेछ ।
- यस आर्थिक वर्ष २०७८/०७९ मा त्रिवेणी गाउँपालिका को नीति कार्यक्रम र वजेटको प्रमुख प्राथमिकता उत्पादन, रोजगार, आत्मनिर्भर, आर्थिक समृद्घी र सामाजिक साँस्कृतिक रुपान्तरण अन्तर्गत उत्पादनमा वृद्घि, उत्पादित वस्तुहरुको भण्डारण, वजारिकरण र प्रशोधनका कार्यक्रम हरु हुनेछन, भने शिक्षा, स्वास्थ्य र रोजगारी सृजनाका लागी विशेष कार्यक्रम वनाईनेछ ।

त्रिवेणी गाउँपालिका, रूकुम (पश्चिम)

- आर्थिक समृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान अन्तर्गत निर्मित कृषि सहकार्य समुह हरुलाई बैंड्क बाट शुन्य व्याजदरमा कृषि ऋण उपलब्ध गराईनेछ।
- पालिका भित्रका कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको संकलन, भण्डारण र वजारिकरणको उचित प्रवन्ध गरिनेछ र दुध उत्पादक कृषकहरुलाई विशेष प्रोत्साहन गरिने छ भने उत्पादित दुधलाई प्रशोधन गरी मुल्य अभिवृद्दि गर्न दुग्धजन्य उद्योगको स्थापना गरिनेछ।
- जिल्लामा स्यार्पू कृषि कम्पनि मार्फत दुग्ध उद्योग स्थापनाका लागी राष्ट्रिय वाणिज्य वैंक वाट ऋण लिई लगानीको व्यवस्था गरिनेछ।
- "पौरखी हातहरुलाई सरकारको साथ" कार्यक्रम सञ्चालन गरी जिवनभरी कृषि व्यवसाय गरिरहेका ६० वर्ष देखी ६९ वर्ष उमेर समुहका कृषकहरुलाई किसान भत्ता दिने उद्देश्यले यस आर्थिक वर्षमा रु १०,००,०००।- (अक्षरुपी दश लाख) छुट्याई किसान कोष खडा गरी कोष वृद्धि गर्ने गरी स्यार्पू पावर कम्पनिमा सेयर लागी गरिनेछ।
- कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण मार्फत उत्पादनमूलक र आकर्षक तुल्याउदै लगिनेछ।
- कृषिमा यान्त्रिकिकरण, औद्योगिकरण, व्यावसायीकरण, कृषि विविधिकरण प्रधानमन्त्री कृषि आधुनिक परियोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा त्रिवेणी गाउँपालिकाको कृषि क्षेत्रको अनुदान लगायतका कार्यक्रम राष्ट्रिय सोचका साथ कृषिमा क्रान्तिकारी रुपान्तरणको नीति कार्यन्वयनमा ल्याउन आ.व.२०७८।७९ का लागी त्रिवेणीको कृषि मोडेलको विधि तय गरी योजनावद्ध किसानहरुको व्यापक परिचालन गरी कार्यान्वयन गरिनेछ।
- त्रिवेणी गा.पा. भित्र पहिचान र उपयोग गर्दै आएका कृषि सम्बद्ध साधन स्रोतलाई व्यवस्थित परिचालन गर्न, विशेषज्ञ सेवा मार्फत समयानुकल कृषि विकास नीति तथा संस्थागत सुधार र प्रवर्दन गरिनेछ।
- विषयगत समिति तथा कार्यालयहरुले लिने जिम्मेवारी, बुझाई र कार्यशैलिमा सुधार गरी सकारात्मक सोच र कार्यान्वियन प्रक्रियामा हामफाल्ने क्षमताको बढोत्तरी गर्दै तत्कालिन रुपमा बृहत सम्भावना भएको क्षेत्र भुगोललाई प्राथमिकता भित्र प्राथमिकतामा राखेर नमुना कार्य प्रणालीको सुरुवात गरीनेछ। जसले गर्दा जनताको भावना सहितको विकास परीयोजनाको छनौट हुनेछ र कृषि क्षेत्र त्रिवेणीबासिको लागि व्यापक र बृहत उत्पादनको एक हिस्सा हुनेछ। यसले गुणस्तरीय उत्पादन, प्रसोधन, भन्डारण, बजारीकरण, वितरणमा सहजिकरण तथा नियमन, खाद्य सुरक्षा तथा सम्प्रभुता प्रणालीको विकास गर्नेछ।
- उल्लेखित कृषि नीति तथा पोषण सुरक्षा विकासको लक्ष्यः सरकार, निजि क्षेत्र, साझेदार निकाय, सहकारी, समुदाय सबैको जोडबल बाट मात्र सम्भव हुने कुरा हो भन्ने मान्यताका आधारमा आवश्यक संयन्त्र बनाएर कार्य संचालन गरीनेछ।
- कृषिमा आधारीत उत्पादनलाई जनताको दैनिक उपभोगजन्य उत्पादन तथा आत्मनिर्भर कृषि व्यवसाय मार्फत आर्थिक समृद्धिको आधारको रुपमा स्थापना गर्न सबै खालको भूखण्ड पूर्ण सदुपयोग गरी रैथाने बालि जस्तै कोदो, फापर, चिना, धान, कागुनो र ताक्मारो, गहुँ, मकै, आलु, पिडालु, तरुल, दलहनबालि अन्य कन्दमुल जस्ता खाद्यान्न बालीको उत्पादनका लागी



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

सरल व्याजदरमा ऋण उपलव्ध गराईने गरी नीतिगत व्यवस्था गरीनेछ । यस्ता अर्गानिक उत्पादन पकेट क्षेत्र सुरुवातका लागी साना-साना पकेट इकाई बनाएर उत्पादन गर्न किसानहरुलाई विशेष प्राथमिकतामा प्रोत्साहन कार्यक्रम बनाईने छ ।

- त्रिवेणी गा.पा.का सबै विद्यालयका विद्यार्थीहरुलाई एक विद्यार्थी एक करेसावारी, एक जनप्रतिनिधि एक व्यवसाय, एक कृषक एक सुधारीएको गोठ, जैविक मल विषादी उत्पादन गर्न लगाइनेछ ।
- त्रिवेणी गा.पा.को कृषि गुरुयोजना अनुसार फलफुल, जडिबुटि, मसला बालि, तरकारी बालि, सुन्तला, कागति, किवि, नास्पती, ओखर लगायतका सुख्खा भुगोलमा उत्पादन हुने जातका फलफुल उत्पादन पकेट क्षेत्र बनाएर निजि, सामुदायिक, सरकारी, सार्वजनिक जग्गा, सामुदायीक वन, ऐलानी वन, सरकारी वन, राष्ट्रिय वन, बाँझो जग्गाहरुमा किसान तथा विभिन्न संघ संस्था मार्फत उत्पादन कार्यक्रम संचालन गरीनेछ ।
- मसलाबाली तथा जडिबुटि, अदुवा, बेसार, टिमुर, तेजपात, कटुकि, चुल्ठे, समायो, सिल्पारो, सतुवा, चिराईतो, बोझो, रोजमेरि, रातो च्याउ, सिताके च्याउ लगायतका जडिवुटिहरुको वैज्ञानिक व्यवस्था सहित उत्पादन कार्यक्रम बनाउने र यस कार्यमा लाग्ने किसान, सहकारी तथा समुहलाई अनुदान तथा सरल व्याजदरमा ऋण उपलब्ध गराउने गरी नीतिगत व्यवस्था गरीनेछ ।
- त्रिवेणी गापाको वडा नं ७, ८, ९ र १० को टुनिबोट, कोलडाँडा, कुरीखोला, गैरिखेत, चौतारा, सालघारी, बुरेली, कलमबोट, लाम्पाटा, भुन्याखेत, राजखेत, गैरीखेत, पेदिखेत, बैराबाङ्ग, भुम्के, रातामाटा लगायतका क्षेत्रमा तरकारी विऊ तथा खाद्यान्न उत्पादन पकेट क्षेत्र लाई निरन्तरता दिइनेछ ।
- पेउघा, गैरीखेत, पेदिखेत, बैराबाङ्ग, मान्टुरा, टुनिवोट लगायतका क्षेत्रमा व्यवसायीक माछा पालन पकेट क्षेत्र निर्माण गरीनेछ । त्रिवेणी ९ र १० को माथिल्लो क्षेत्रमा नास्पती, चिउरी, जैतुन लगायतका मुल्यवान बनस्पतिको बोटविरुवाः सघन वृक्षारोपण कार्यक्रम संचालन गरीनेछ । जसका लागी पेउघा उपत्यका बस्ती विकास तथा उत्पादन क्षेत्र योजना लागु गरीनेछ । जसअन्तर्गत बैरागी देखि पेउघा उपत्यकाको कांगेखोला, चौतारा, नुवाकोट डाँडा, चौरजहारी सडकलाई मध्यपहाडी सडकमा जोड्ने गरी सडक आसपास बस्ति तथा बजार व्यवस्थापन गरीनेछ भने तल्लो खेतीयोग्य क्षेत्रमा बस्ती विकासमा रोक लगाउने गरी नीतिगत व्यवस्था गरीनेछ । जसले गर्दा बैज्ञानिक बस्ती विकास, खेती योग्य जमिनको उपयोग र बनसम्पदामा आयमूलक पहुँचको त्रिआयामिक सम्बन्ध मार्फत नागरिकको जीवनस्तर, उत्पादनमा सहभागिता र पर्यावरणीय सुरक्षा र सुन्दरता आमूल रुपान्तरण हुने विश्वास लिइएको छ ।
- त्रिवेणी गा.पा.को १० वटै वडामा कृषि तथा पशुपालन ब्लक क्षेत्र विकास, विस्तार, व्यवस्थापन र व्यवसायीकरण गर्न सुधारिएको गोठ निर्माणको लागि स्थानिय सरकारको सहकार्यमा प्रदेश सरकार सँग अनुदान माग गरीनेछ भने अदुवा प्रसोधन उद्योग र जैविक मल, जैविक विषादी उत्पादन उद्योगको स्थापनाका लागि प्रदेश सरकार सँग अनुदान माग गरीनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- एक वडा एक कृषि तथा पशु प्राविधिक मार्फत किसानको घरदैलोमै पुगि सेवा उपलब्ध गराउने गरी व्यवस्थापन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाको सबै क्षेत्रमा एक किसान दुई भैंसी, एक किसान एक सुधारिएको गोठ, एक किसान एक मलखाडल, एक किसान एक पिसाब संकलन ट्यांकी निर्माणको नीति लिइनेछ ।
- त्रिवेणी गाउँपालिकाको सिम्रुतु र पेउघा गैरिखेतमा तरकारी संकलन केन्द्र स्थापना गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाको सबै क्षेत्रमा कृषि बाली बीमा र पशुपंक्षी बीमा सञ्चालनमा ल्याइनेछ ।
- त्रिवेणी गाउँपालिकाको सिम्रुतु र नुवाकोट डाँडा र झुल्नेटामा सस्तो पसल स्थापनाको लागी पहल गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रवर्दन गर्न पशुको नश्लसुधार कार्य गरिनेछ र उन्नत जातका राँगा बोका वितरण गरिनेछ र भैंसीका १वर्ष मुनिका बच्चा (पाडापाडि) को मासु खान पाइने छैन यदि खाएको पाइएमा नियमानुसार कारवाहि गरिनेछ ।
- त्रिवेणी गाउँपालिका भित्र व्यावसायिक रुपमा पशुपंछि पालन गर्ने, घाँस खेती, घाँस नर्सरी गर्ने कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।
- कृषकहरुलाई कृषि प्रविधिको जानकारी गराउन एवं कृषि सम्बन्धि नवीनतम ज्ञान, सीप र कौशलताको लागी अगुवा कृषकहरुको अध्ययन भ्रमण, तालिमको व्यवस्था गरिनेछ । उत्कृष्ट कृषक छनौट गरी वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ साथै मुख्य बजार क्षेत्रमा व्यवस्थित बधशाला र दुग्ध संकलन केन्द्रको व्यवस्था गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका भित्र परम्परागत रुपमा संचालित उत्पादन प्रणालीलाई परिवर्तन गरि चक्लाबन्धिको विधिद्वारा उत्पादन गर्ने र बाँझो जग्गा लगायतको भूउपयोग नीति लागु गरि बाँझो जग्गा सदुपयोग गरि उत्पादन वृद्धि गर्ने किसानहरुलाई प्रोत्साहन गरिनेछ ।
- कृषि क्षेत्रमा व्यवसायिकताको विकासको लागी कृषि उपजहरुको वजारिकरण, प्रशोधन, औधोगिकिकरण का लागी आवश्यक कार्यक्रम ल्याईनेछ ।
- नेपालको कुल ग्रास्थ उत्पादनको ६०% योगदान रहेको कृषि क्षेत्रमा ६% जनता आश्रित छन, यो विडम्वना भन्नु पर्छ । कृषि क्षेत्रमा गतिशिलता ल्याउन उत्पादन र उत्पादकत्व वृद्धि गर्नुका साथै आयात प्रतिस्थापन र निर्यातमा वृद्धि, मुल्य श्रृङ्खला विकास, कृषिको व्यवसायीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण र विविधीकरणको कार्य गर्न आवश्यक छ । कृषकहरुको बहुआयामिक विकासले राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य टेवा पुग्दछ । आत्मनिर्भर पालिका निर्माणका लागी उद्यमशिल, स्वरोजगार र आत्मनिर्भर वनाउन कृषि सहकार्य समुह लाई सहुलिएत पूर्ण कर्जा को लागी लक्ष्मी बैङ्क र स्थानिय सरकार विच भएको संझौता लाई कार्यान्वयन गर्ने अन्तिम तयारी मा छौ तर यस विचमा कोभिड-१९ को महामारीले हामिलाई अवरोध सृजना गरेकोले ढिलाई हुन गएको छ र लगत्तै प्रकृयामा लिईने छ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- दुग्ध उद्योग संचालन गर्न दुध उत्पादनमा वृद्धि ल्याउन दुग्ध प्रवर्धन कार्यक्रममा विशेष जोड दिईनेछ र पशुधन कार्यक्रम अन्तर्गत उन्नत जातका गाईपालन को लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- कृषक सहकार्य समुहहरुले प्राप्त गर्ने कृषि ऋणमा १% व्याज अनुदान दिईनेछ ।
- "किसानको बारीमा स्थानिय सरकार" कार्यक्रम संचालन गरी सरकारको पहुँचमा आउन नसकेका किसानहरुलाई सरकार स्वंम वारीमा पुगेर आवश्यक सहयोग प्रदान गरिनेछ ।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न र आम किसानहरुलाई आत्मनिर्भर व्यवसायिकरण गर्न त्रिवेणी गा.पा.को १, २, ३, ४ र ५ नम्बर वडाहरुमा टर्कि ओखर , फुजी र गाला स्याऊ ब्लक को लागी आ.व. २०७८/०७९ को वजेट वाट साझेदारिमा विरुवा खरिद गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाले माटो जाँचको मेसिन खरिद गरिसकेकोले तत्काल सो सम्बन्धी तालिमको व्यवस्था गरी किसानहरुको बारीको माटो चेकजाँच गर्ने व्यवस्था गरिनेछ ।

## उद्योग तथा वाणिज्य

- आर्थिक समृद्धिका लागि दिगो, रोजगार मुलक र प्रतिफलयुक्त औद्योगिक विकास नै त्रिवेणीको सन्दर्भमा वस्तुवादी हुन्छ । आजका दिनमा हामिलाई चाहिएको आयातमुखी उद्योग होइन निर्यातमुखी उद्योग हो । यसका लागि हाम्रो क्षेत्र भित्रका खानी तथा खनिजजन्य बस्तुहरुको अध्ययन, अनुसन्धान गरी स्वदेशी तथा स्थानिय कच्चा पदार्थमा आधारीत उद्योगहरु बाट औद्योगिक क्रियाकलाप सुरु गर्दा उद्योग र वाणिज्यको क्षेत्रमा सन्तुलन कायम गर्न सकिन्छ, त्यसकारण प्रतिस्पर्धात्मक क्षमताको विकास मार्फत खासगरी अर्गानिक उत्पादनमा आधारीत उद्योग स्थापना गरी आयात प्रतिस्थापन गरि निर्यात वृद्धिमा जोड दिईनेछ । यस विषयमा पुरातात्विक तथा अन्य क्षेत्रका विज्ञहरुको अध्ययन तथा योजना परामर्श गर्नका लागि विषयगत समितिलाई ठोस जिम्मेवारी दिईने छ ।
- नागरिकको दैनिक जिवनयापनको सहजतालाई मध्यनजर गर्दै त्रिवेणी गाउँपालिका २ को विमैचा, बादरपानी, वडा नं. ७ को लाछीकोट, कुरल, वडा नं. १० को टोट्के, बरानेटी, वडा नं. ९ को निपाने र नुवाकोट, वडा नं.८ को भेरिपोखरी क्षेत्रहरुमा प्राथमिकताको आधारमा विद्युतीय घट्ट निर्माण अनुदान उपलब्ध गराईने छ ।
- दहबाङ चौर अदुवा प्रशोधन उद्योग, दहबाङ महिला स्वरोजगार गार्मेन्ट उद्योग, खारानेटा दुग्ध प्रवर्दन उद्योग, खारानेटा शितभण्डारण (कोल्ड स्टोर), सिम्रुतुमा सिस्नो पाउडर र आलु चिप्स उद्योग, पेउघा गैरिखेतमा मकै चिउरा उद्योग, त्रिवेणी १० गैरीखेतमा टपरी उद्योग र पशुपंन्छी दाना उद्योगहरुलाई तत्काल संचालनका ल्याइनेछ ।
- त्रिवेणी ९ को नुवाकोट, त्रिवेणी १० को गैरिखेत, त्रिवेणी ८ को ढुंगेघर, त्रिवेणी ७ को लाछिकोट, त्रिवेणी ३ र ६ को झुल्नेटा र खारानेटा, त्रिवेणी ४ को खुम्चेरी, त्रिवेणी ५ को जिबाङ, त्रिवेणी १ को रुँघा तेस्राबाटा, त्रिवेणी २ को सिम्रुतु, बिमैचा र गैरिनेटा लगायतका स्थानहरुमा दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ ।

- दवाङचौर अदुवा प्रशोधन उद्योग, सिम्रुतुको आलुचिप्स र सिस्नो उद्योग, गैरी खेतको मकै चिउरा उद्योग, खारानेटा डि.एन. डेरी उद्योग को सवै प्रक्रिया पुरा भएकोले आगामी २०७८ श्रावण देखी यी उद्योगहरु संचालनमा ल्याउन सम्बन्धित संचालक समितीलाई निर्देशन गर्ने र संचालनमा नआए दोस्रो प्रकृया अगाडी वढाइने छ ।

**पर्यटन विकास**

- गुरील्ला पदमार्ग तथा भ्यु टावर निर्माण, होम स्टेको विकास तथा सञ्चालन, धुमभीर जनयुद्ध संग्राहालय निर्माण, मितेरी संग्रहालय, सुकिदहमा पर्यटन क्षेत्र निर्माण तथा विकास, सिद्द गुफा त्रिवेणी १०, माईभगवती मन्दिर त्रिवेणी १, बाहुन टोलमा स्मृतिद्धार त्रिवेणी १, गोसाँइबुबु मन्दिर त्रिवेणी १, त्रिवेणी २ शिव मन्दिर, गणेश गुफा त्रिवेणी ७, दहबाङ सिद्द मन्दिर त्रिवेणी ३, माइ भगवती पेउघा, नुवाकोट माइभगवती, राजकोट त्रिवेणी ७, चल्लाधुरी झनखानी, डलसिंगे, कालापोखरा, सुबेगैरी, बारकोटे, सानो डिग्रे, थुम त्रिसुले, निपाने, झालेपर, मान्छ उभिने, ऐतिहासिक खारा लडाइ पैदल मार्ग, प्रतिक्षालय तथा पर्यटन क्षेत्र विकास निर्माण आदि कार्यलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- त्रिवेणी ९ को झारपोखरामा पर्यटन क्षेत्र विकास गुरुयोजना बनाई कार्यान्वयनका लागी पहल गरिनेछ । साथै त्रिवेणी गाउँपालिका भित्र रहेका सबै ऐतिहाँसिक मठ मन्दिरहरुलाई व्यवस्थित गरिनेछ ।
- पर्यटन विकासलाई आर्थिक समृद्धिको एक अग्रणी सम्वाहकको रुपमा लिईने छ । त्रिवेणी गा.पा.का महत्वपूर्ण पर्यटकिय क्षेत्रलाई विकास गरी नागरिकको जीवनपद्धती तथा आयआर्जनसँग आवद्ध गरीनेछ ।
- कृषि पर्यटन, पर्यापर्यटन लाई कृषि उत्पादन र पशुपालनसँग जोडि नागरिकको जीवनस्तर समृद्ध वनाउने कार्यमा जोड दिइने छ ।
- पर्यटन पूर्वाधार विकासलाई बजार, शिक्षा, स्वास्थ्य, खेलकुद, साँस्कृतिक धरोहर, पर्यावरणीय संरक्षण तथा सुन्दरता सँग एकाकार गरीनेछ । जसका लागी पर्यटन गुरुयोजना निर्माण गरी सरकार, निजि क्षेत्र, साझेदार निकाय, समुदाय मार्फत पर्यटनलाई आर्थिक समृद्धिको एक सम्वाहकको रुपमा विकास तथा विस्तार गरीनेछ ।
- त्रिवेणी गाउँपालिकाका कालापोखरा, डलसिंगे सुबेगैरी, सिम्रुतु, खारानेटा, झुल्नेटा, भेरिपोखरा, नुवाकोट, गैरिखेत, टोट्के, मुरुका स्थानहरुमा होमस्टे सञ्चालनका लागी आगामी भौतिक संरचनाहरु निर्माण गर्दा होमस्टेको अवधारणा अनुसार प्राइभेट क्षेत्रसँग समन्वय गरि अगाडि बढाइनेछ ।
- त्रिवेणी गा.पा. पर्यटन र कृषिको प्रचुर संभावना बोकेकोले कृषकहरुलाई विशेष प्राथमिकतामा राखेर कार्य संचालन गरिने छ । जसमा रुकुम सल्यानको सिमाना खौला, सिम्रुतु वजार र सुवेगैरीमा शहिद गेट निर्माण गरिनेछ भने धुमबिर जनयुद्द संग्राहलय निर्माण योजनालाई क्रमागत रुपमा लिईने छ र त्रिवेणी का थप नयाँ पर्यटन क्षेत्र खोज, अध्ययन, अनुसन्धान गरी विकास आयोजनाका रुपमा लैजान प्रक्रिया अगाडी वढाइनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**सहकारी**

- आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको लागि मात्रात्मक हैन गुणात्मक सहकारीता, आजको आवश्यकता भन्ने मुल मर्मलाई आत्मसाथ गरी सहकारीका मुल्य, मान्यता र सिद्धान्तको आधारमा सहकारीको माध्ययमबाट किसान र विपन्न वर्गलाई व्यवसायिक आयोजनामा संलग्न गराइनेछ ।
- सरकारले संवैधानिक रुपमा अर्थतन्त्रको तीन मुख्य खम्वामध्ये सरकारीलाई एक सशक्त अंगको रुपमा अवलम्वन गरिसकेकोले सहकारी क्षेत्रको नियमन, दर्ता, नवीकरण र खारेजीसम्वन्धी कार्य स्थानीय स्तरबाटै गरिनेछ र सहकारी प्रवर्द्धनका लागि विशेष व्यवस्था गरिनेछ ।
- वित्तिय प्राविधिक सहयोगको माध्यमबाट सहकारी क्षेत्रलाइ पारस्परीक स्वावलम्वनयुक्त संस्थागत क्षमता अभिवृद्धि गरीनेछ । जस अनुसार त्रिवेणी गा.पा.का सहकारी संस्थाहरुमा आधारभुत वर्गलाई शेयर सदस्यहरुको पहुँच स्थापना अनिवार्य गराईने छ, जसको आंशिक सुरुवात गरी भइसकेको छ, जसमा सिम्रुतु खोला जलविद्युत सहकारी संस्था, पेउँघाको हाम्रो सारथी सहकारी संस्था, त्रिवेणी गा.पा.को श्रम सहकारी संस्था, साना किसान बचत सहकारी संस्था र त्रिवेणी बहउद्देश्य सहकारी संस्थाहरुमा अधिकतम आधारभुत वर्गलाई शेयर सदस्य अभियानको रुपमा संगठित गरीनेछ ।
- सहकारी शिक्षाका लागी आधारभूत तहको विद्यालयहरुमा सहकारी सम्बन्धि पाठ्यक्रमको निर्माण कार्यलाई अगाडी बढाईने छ ।
- संघीय सरकार वा प्रादेशिक सरकारको “गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी“ को नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषिजन्य र वन पैदावारमा आधारित उद्योग स्थापना गरि रोजगारि सृजना गरिनेछ साथै प्रत्येक वडालाई केन्द्रित गरि सहिद परिवार, द्धन्द पिडित, अति विपन्न, विपन्न एकल महिलाहरुको सहकारी संस्थामा शेयर कायम सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।
- आधारभुत वर्गका समुदाय र किसानहरुलाई केन्द्रमा राखी त्रिवेणी वहुउद्देश्य सहकारी संस्था स्थापना भईसकेकोले गाउँपालिका क्षेत्रभित्र र छिमेकी गा.पा. र न.पा. मा कार्यक्षेत्र रहने गरी साना साना समुह तथा सहकारीहरुलाई समेत समायोजन गरी सिम्रुतुमा कार्यालय स्थापना गरी गाउँपालिकाको तर्फवाट अनुदान व्यवस्थापन गरिनेछ ।

**वित्तिय क्षेत्र -**

- वचत तथा राष्ट्रिय पुँजी निर्माण मार्फत आत्मनिर्भर, सवल, समुन्नत अर्थतन्त्र निर्माण गर्ने राष्ट्रिय सोच अनुसार समतामुलक आय आर्जन तथा वचत क्षमताको अभिवृद्धि गर्ने नीति लिइनेछ, जसका लागी त्रिवेणी गाउँपालिका क्षेत्र भित्र सञ्चालित वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड बमोजिम तोकेको व्याजदर, गाउँपालिकाको अनुमति र आयआर्जनको सुनिश्चित गरेका खण्डमा मात्र लागानी गर्न दिइनेछ र वचत परिचालनको भरपर्दो र सुनिश्चित वातावरण निर्माण गर्दै लगिनेछ ।

- विभिन्न वचत समुह, सानाकिसान कृषि सहकारी, सहकारी संस्था लगायत लाई मर्ज गरी एउटा त्रिवेणी वहुउद्देश्य  सहकारी बैंक स्थापना गरिनेछ ।
- वचत अभिवृद्धि गर्न रोजगारी र आयआर्जनका अवसर वृद्धि गरी वचत गर्ने क्षमताको विकास मार्फत घर परिवार, निजि क्षेत्र, सहकारी तथा सामुदायीक संस्थाहरुलाई वचत गर्न आकर्षण र प्रोत्साहन गरिनेछ, त्रिवेणीको माटो सुहाँउदो वित्तिय प्रणालिको विकास, अनौपचारीक रुपमा संचालित क्षेत्रको नियमन र अभिवृद्धिको क्षेत्रमा विषय विज्ञ सहितको परामर्श मार्फत कार्यक्रम बनाईने छ ।
- बजेट परीचालन प्रक्रिया झन्झटिलो भएकोले संघिय सरकार र प्रदेश सरकारको बजेट सिमालाई ध्यान दिदै स्थानिय सरकारले बजेट खर्च प्रणालीलाई सहज बनाउने र चौमासिक, मध्यकालिन तथा दिर्घकालिन परिचालन विधि बनाएर कार्यान्वयन गरीनेछ ।
- स्थानिय सरकारको मातहतको कर, गैरकर, राजस्व बाँडफाँड लगायतका आम्दानिका स्रोतहरुलाई केन्द्रिकरण गरी परिचालन गर्ने कुरामा आर्थिक समिति सहितको परामर्श द्वारा आगामी नेपाल सरकारबाट प्राप्त हुने अनुदान, विकास सहायता, ऋण स्रोत स्थानिय सरकारको आन्तरीक स्रोत परिचालन, उत्पादन कार्यान्वयन कार्यक्रम बनाएर काम गर्ने वातावरणको निम्ति पहल गरीनेछ ।
- आन्तरिक आम्दानीलाई बढाउदै आत्मनिर्भर र आफैमा सक्षम गाउँपालिका निर्माणका लागी सम्भव भएसम्मका उपायहरु अवलम्बन गरिनेछ । कर नतिर्ने, कर छली एवं चुहावट गर्ने व्यक्ति एवं निकायको पहिचान गरि दण्डित गरिनेछ ।
- गाउँपालिकालाई नियमअनुसार तिर्नुपर्ने कर दस्तुर तिरेको व्यवसायीवाट मात्र वस्तु तथा सेवालाई खरिद गर्न गाउँपालिका अन्तरगतका कार्यालय लगायत अन्य सार्वजनिक निकायलाई समेत अनुरोध गर्ने नीति लिइनेछ ।
- त्रिवेणी गाउँपालिकाका कार्यालायहरुले उपभोग गर्ने उपकरण तथा सामाग्रीहरु गाउँपालिका भित्रका करको दायरामा आएका व्यवसायीहरुवाट खरिद गरिनेछ र गाउँपालिका क्षेत्रभित्र उपलब्ध नभएको खण्डमा मात्र बाहिरवाट खरिद गरिनेछ ।
- त्रिवेणी गा.पा. भित्रका निजीक्षेत्रका खाद्यान्न, किराना, औषधी पसल, हेल्थ क्लिनिक,पोलि क्लिनिक, अस्पताल, फार्मेसी, वित्तीय संस्था लगायतका व्यवसायिहरुले गा.पा.मा सुचिकरण अनुमति लिनुपर्नेछ । साथै यी क्षेत्रमा कार्य गर्न इजाजतपत्र जनशक्ति, पुर्वाधार विषय विज्ञ को व्यवस्था हुनु पर्ने अन्यथा कानुन अनुसार वन्देज गरिनेछ ।

## पूर्वाधार विकास क्षेत्र

### स्थानिय सडक, सडकपुल तथा झोलुङ्गे पुल :

- पालिकामा संचालन हुने साना भौतिक पुर्वाधार, उत्पादन र सामाजिक साँस्कृतिक एवंम लक्षित वर्गका कार्यक्रम हरुमा सम्वन्धित क्षेत्रका युवाहरुको नेतृत्वमा सहभागीता र परिचालन मा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- पूर्वाधार विकासको पहिलो सुचक नै सडक हो । पर्यावरणमैत्री, भूगोलसापेक्ष, सन्तुलित, गुणस्तरीय तथा दिगो सडक पूर्वाधारको विकास गर्दै सोको उचित संरक्षण तथा मर्मत सम्भार मार्फत सडक सुरक्षाको सुनिश्चितता प्रदान गरी सहज सवारी आवागमन गराउनु सरकारको साझा दायित्व हो । सरकारको आगामि लक्ष्य भनेको परम्परागत सरकारी स्रोत माथिको निर्भरता हटाई लगानीका वैकल्पिक स्रोतहरु जुटाउने र सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रिकिकरणमा पनि जोड दिनुपर्ने देखिन्छ । आजसम्म सडक निर्माण क्षेत्रमा हामीले गरेका कार्यहरु परम्परामा आधारीत छन । प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले पारेका असर र नोक्सानीलाई न्युनिकरण गर्ने तर्फ पनि ध्यान दिन जरुरी छ । अगाडी मात्र दौडने होईन पछाडि फर्किएर पनि सिकौ भन्ने मान्यताका साथनिर्मित सडकहरुको प्राविधिक उपयुक्तता, भौगोलिक सापेक्षता र सुरक्षा संवेदनशिलता समेतको बिश्लेषण गरी सडक मार्ग भनेको मृत्यु मार्ग नभई सहज मार्ग हुन भन्ने विश्वास दिलाउने गरी सडक निर्माण तथा सुधार योजना ल्याइनेछ ।
- पूर्वाधार विकास लगायतका त्रिवेणी गा.पा. को आगामी कार्य प्रणाली न्युनतम कार्य, अधिकतम कार्य र सर्वोतम कार्यको कार्यविधि बनाएर कार्यान्वयन गरिनेछ ।
- विकास मात्रै भन्ने तर त्यसबाट आउने अनिस्टको बारेमा केहि पनि नसोच्ने र वेवास्ता गर्ने प्रबृत्तिलाई निरुत्साहित गर्दै दिगो विकासका उपायहरु तर्फ ध्यान केन्द्रित गरिनेछ ।
- आगामी आ.व. मा सडक ट्रयाक ओपनलाई दोस्रो र स्तरोन्नती कार्यलाई पहिलो प्राथमिकतामा राखि कार्य गरिनेछ ।
- सम्पूर्ण सडक निर्माण, मर्मत सम्भारतथा सडक सरसफाई कार्य गर्ने प्रयोजनका लागी सडक मर्मत संभार कार्यक्रम मार्फत उल्लेख्य बजेटको व्यवस्थापन गरी काम सम्पन्न गर्ने परिपाटिको विकास गरीनेछ । जसबाट स्रोतको सुनिश्चितता, काममा पारदर्शिता र विजक पद्धतीको विकास हुने अपेक्षा लिइएको छ ।
- त्रिवेनी गा.पा. मा थप नयाँ सडक निर्माण गर्नु परेमा सडक निर्माण गर्नु पूर्व सडकको विस्तृत परियोजना प्रतिवेदन डिपिआर. तयार गरीनेछ । आगामी आ.व.मा आवश्यक देखिएमा रणनीतिक र सामरीक महत्वका थप सडकहरुको डिपिआर गरीनेछ ।
- सडक निर्माण, मर्मत तथा स्तरोन्नतीलाई व्यवस्थित, योजनाबद्ध तथा विश्वसनिय तुल्याउन सडकको महत्वका आधारमा सूचिकरण र प्राथमिकिकरण गरिनेछ । जसले गर्दा सडकको संवेदनशिलता, प्राथमिकता र मापदण्ड निर्धारणमा सहज हुनेछ ।
- सडक निर्माणका लागी प्राथमिकता भित्रको प्राथमिकता निर्धारण गरी सडक निर्माण सम्बन्धि आधुनिक विधि निर्माण गरिनेछ भने, प्रदेश तथा संघिय सरकारले बजेट व्यवस्था गरेका सडकहरुमा स्थानिय सरकारबाट सकभर बजेट व्यवस्था गरिने छैन ।
- सडक लगायत समग्र प्रणालीका लागी त्रिवेणी गाउँपालिकाको डिजिटल प्रोफाईल समग्र गुरुयोजना २०७७/०७८ मा गुरुयोजना निर्माण भैसकेकोले आगामि बिकास पुर्वाधार त्यसकै आधारमा गरिनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- तत्कालिन समस्या समाधान गर्ने र साना खोलामा निर्माण हुने अल्पकालिन प्रकृतिका पुलको निर्माण स्थानिय सरकारबाट गरिनेछ भने अन्य सबै प्रकारका पुलहरुको निर्माण प्रदेश तथा संघिय सरकारको अनुदान वाट निर्माण गरीनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रका सडकहरुमा जथाभावी फोहोरमैला फाल्ने, सडक हस्तक्षेप गरी सडकको ५ मिटरभित्र घरटहरा संरचना बनाउने तथा उपभोग गर्नेलाई सार्वजनिक सडक ऐन, अनुसार कानुनी कारबाहि गर्ने नीति लिइनेछ ।
- त्रिवेणी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सडक पूर्वाधारहरुको सरसफाई मर्मत सम्भार गर्न मर्मत सम्भार कोष स्थापना गरि सञ्चालन गरिनेछ तर यस पटकको सरसफाइको कार्य प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका सावजनिक स्थलहरु, नदि खोला पानी घाट, गौचरण, शवदाह स्थल, मठमन्दिर, सामुदायिक वन, गिट्टी, ढुंगा, बालुवा, ऐलानी जग्गा, खानी, खनिज, सामुदायिक संरचना पुलपुलेसा लगायतको क्षेत्र स्थानीय सरकारको नीति अनुसार व्यवस्थापन तथा परिचालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिका विगत जनयुद्ध र जनआन्दोलनवाट प्रताडित क्षेत्र जहाँ ७५ जना सहिदले बलिदान गरेको खारा हत्याकाण्ड र खारा कारवाहिवाट स्थापित गाउँपालिका भएकाले त्रिवेणी चक्रपथलाई कृषि उत्पादन, कृषि पर्यटनलाई समेटेर उत्पादनमुलक, आयमुलक सडक भएकोले स्तरउन्नतिको लागी संघ र प्रदेशमा अनुदान मागको लागी पहल गरिनेछ ।
- गाउँपालिकावाट पुरा गर्न नसकिने सबै विद्यालयका भौतिक संरचना निर्माणका लागी संघीय तथा प्रदेश सरकार समक्ष माग गरिनेछ ।
- त्रिवेणी गा.पा. मा हालसम्म निर्मित सडक हरुको सडक सरसफाई कार्यको लागी सम्भव भए सम्म जेसिबी र टिप्पर खरिद गरिनेछ ।

**सिंचाई**

- त्रिवेणी गाउँपालिका योजना बैंकमा संलग्न सिंचाई सम्बन्धि महत्वपूर्ण योजनाहरुलाई प्राथमिकताका आधारमा बजेट व्यवस्थापन गरि क्रमश: निर्माण सम्पन्न गरिनेछ । ठुला सिंचाई योजनाहरुलाई प्राथमिकताका आधारमा प्रदेश सरकारमा सिफारीस गरिनेछ ।
- पानीको अभाव भएका क्षेत्रहरुमा थोपा सिंचाई, प्लास्टिक पोखरी निर्माण, सिमेन्टेड पोखरी निर्माण, लिफ्ट सिंचाई, हिँउ पोखरी निर्माण, फोहोरा पानी सदुपयोग लगायतका विधि प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।
- नयाँ प्रविधिवाट लिफ्ट सिचाइ आयोजना, आकासेपानी संकलन जस्ता आयोजना निर्माणमा जोड दिइनेछ ।
- त्रिवेणी गाउँपालिकामा हाल संचालित तथा क्रमागत रुपमा निर्माणाधिन सिचाई आयोजनाहरुलाई पूर्णता दिई संचालन गरिनृेछ । साथै पुराना आयोजनाहरुलाई मर्मत संभार गरी संचालनमा ल्याइनेछ ।

- लिफ्ट सिँचाई आयोजनाहरुलाई आवश्यक देखिएका र सम्भव भएका स्थानहरुमा पहिचान गरी निर्माणको लागी प्रदेश सरकार संग माग गरिनेछ।

**भवन तथा शहरी विकास -**

- आगामी बर्षदेखि बस्ति विकास तथा भवन निर्माण सम्बन्धि मापदण्डलाई कडाईका साथ लागु गरिनेछ ।
- सम्पूर्ण भवनको तथ्यांक संकलन तथा सूचिकरण गरिनेछ । अव निर्माण हुने भवनमा मापदण्डको पूर्ण पालना तथा अनुमतिलाई अनिवार्य र व्यवस्थित तुल्याइनेछ ।
- सूरक्षित आवास सूविधा सबै नागरिकको अधिकार भएकाले सुलभ, सुरक्षित, उत्थानशिल बस्ति तथा आवास निर्माणमा प्रोत्साहन गरिनेछ ।
- सामाजिक भावनाको विकास, सांस्कृतिक पक्षको संरक्षण, आपसि सुरक्षा र भौतिक लगायत अन्य सेवा प्रवाहमा सहजताका लागी व्यवस्थित र एकिकृत वस्ती विकासलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जसका लागी भवन निर्माण नभएका खास खास स्थानहरुमा नमुना बस्ति विकासको कार्यलाई प्राथमिकता दिईनेछ ।
- संघिय, प्रदेश र स्थानिय सरकार बिचमा सहकार्य गरी वस्ती विकास तथा आवास निर्माण सम्बन्धि भवन संहिता कार्यन्वयनमा ल्याउन जोड बल गरीनेछ ।
- सार्वजनिक तथा व्यवसायीक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्वन्धि मापदण्ड र बजारक्षेत्रमा होमस्टे सहितका भवन संरचना अनिवार्य लागु गरिनेछ ।
- लक्षित वर्ग र समुदायलाई पहिचान गरी भुमिहिनहरुलाई आवास व्यवस्थापन कार्यक्रमलाई आवश्यक पहल गरीनेछ ।
- त्रिवेणी गाउँपालिकाको खारानेटा राङ्टे, सतिपोले, दवाङ, नुवाकोट क्षेत्रको वस्तीलाई होमस्टे सहितको शहरी विकासको लागी सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

**उर्जा, लघु तथा साना जलविद्युत तर्फ**

- "सुन्दर गाउँ बनाउँ मिलीजुली, घरमा बत्ती झिलीमिली" भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाको हालसम्म पनि विद्युत प्रशारण लाइन विस्तार नभएका वडाहरुमा विद्युत लाइन विस्तार २०७८ भित्र पुरा गरिनेछ, साथै सौर्य, उर्जा, वायोग्याँस, गोबरग्याँस, राष्ट्रिय प्रशारण लाइनलाई विस्तार गर्न वजेटको लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गुणस्तरयुक्त भरपर्दो र सुलभ दरमा विद्युत सेवाको विस्तार गरी सबै घर परिवारमा र उत्पादनशिल क्षेत्रमा विद्युत सेवाको सहज पहुँचको सुनिश्चितता प्रदान गर्नु सरकारको मुख्य दायित्वको रुपमा स्विकार गरिनेछ ।
- जलविद्युत क्षेत्रको अनुसन्धान र विकासमा जोड दिँदै त्रिवेणी गा.पा.लाई २०७८ भित्र विद्युतीकरणको लागि प्रदेश र संघिय सरकार सँग आवश्यक अनुदान माग गर्ने र स्थानिय स्तरमा भएका पानीका स्रोतहरुको सदुपयोग गर्दै उर्जामा लगानी गरी आन्तरीक आयमा बृद्धि गर्ने नीति लिइनेछ ।
- सौर्य उर्जा, राष्ट्रिय प्रसारण लाईनलाई विस्तार गर्ने र सिम्रुतुखोला जलविद्युत, स्यापु हाईड्रोपावर जस्ता दिर्घकालिन महत्वका उत्पादनलाई सदुपयोग नीति बनाएर लागू गरीनेछ ।

- त्रिवेणी गाउँपालिका स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्यालय क्षेत्रका प्रविधी शिक्षा अतिरिक्त क्रियाकलाप संचालनका लागी वैकल्पिक सौर्य उर्जाको व्यवस्थाको लागी सम्बन्धित निकायमा अनुदान माग गरिनेछ ।
- त्रिवेणी गाउँपापालिका क्षेत्र भित्रको विद्युत मर्मत संभार तथा राहत कोष स्थापना गरी परिचालन गरिनेछ ।

**संचार क्षेत्र**

- त्रिवेणी गाउँपालिका अन्तर्गत बिषयगत कार्यालयहरुको कार्यलाई प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागी आवश्यक व्यवस्थापन गरिनेछ ।
- कर्मचारीको अनुपस्थिति तथा सेवा प्रवाहलाई नियमन गर्न विद्युतिय हाजिरी तथा अभिलेख प्रणाली लागु गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाको डिजिटल सेवा निर्माणका लागी राष्ट्रिय आविस्कार केन्द्र लगायतका संस्थाहरु मार्फत प्रविधिको उच्चतम प्रयोग अनिवार्य शर्तको रुपमा व्यवस्थापन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका सरकारी कार्यालयहरुमा कर्लेक्स तथा ल्यानलाईन मार्फत सञ्चारको पहुँचमा अभिवृद्धि गरिनेछ ।
- विद्युतिय शासनको आधार निर्माण तथा लागु गरिनेछ । जस अन्तर्गत सार्वजानिक सुनुवाई, ग्रुप एस.एम.एस, टेलिफोन सेवा, एफ.एम. व्यवस्थापन, नीति कार्यक्रमका बुलेटिन प्रकाशन, जनता सँग स्थानीय सरकार कार्यक्रम संचालन गरिनेछ सो कार्यमा समेत प्रविधिको उपयोग गरिनेछ ।
- मिडिया क्षेत्रका संयन्त्रहरु मार्फत त्रिवेणी गाउँपालिका सरकारका गतिविधिहरुको प्रचार प्रसारका लागी संचार कोष स्थापना गरि परिचालन गरिनेछ ।
- त्रिवेणी २ को बारकोटे धुरी, त्रिवेणी ५ को जिवाङ र त्रिवेणी ८ को चोरवाटामा टेलिफोन टावर निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।
- राज्यको तेस्रो अंगको रुपमा रहेको संचार जगत एबं त्यसमा कार्यरत सञ्चारकर्मी तथा पत्रकारहरुको वाकस्वतन्त्रतालाई उच्च सम्मान गर्दै गाउँपालिकाको समृद्धि र विकासको लागी सञ्चार जगतले खेलेको भूमिकाको मूल्याकन गर्ने नीति लिइनेछ, साथै पत्रकारहरुको पेशागत मर्यादा र सुरक्षाको लागी विशेष योगदान गरिनेछ ।
- संचार कर्मीहरुलाई पेशामा उन्नतीका लागि आवश्यक अवसरको श्रृजना र व्यवस्था गरी संचार क्षेत्रको पुर्वाधार सहितको संथागत  विकासमा आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- त्रिवेणी गाउँपालिकाको पहिचान सहितको हालसम्म भएका भौतिक बिकास र मानव सुचाङ्क समेटिएको भिडियो डकुमेन्ट्रि तयार गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

**<u>वन तथा भू-संरक्षण</u>**

- वन क्षेत्रको दिगो र ब्यवसायिक ब्यवस्थापन, समृद्धि र सुखमा योगदान, भन्ने नाराका साथ विश्वव्यापि रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने र प्रकृतिसँग

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

अनुकुलित हुने उपायको खोजी गरी जीवन पद्धतीलाई सरल र सहज तुल्याउने उपायको खोजी गरिनेछ ।

- कुनै पनि विपद् प्रकोप बाजा बजाएर आउँदैन भन्ने तथ्यका आधारमा विपदको पूर्वतयारी तथा प्रतिकार्य योजना मार्फत खोज तथा उद्दार, राहत वितरण, पूनःस्थापना आदि कार्यलाई व्यवस्थित तुल्याईनेछ ।
- विपद सम्बन्धि सबै चक्रहरुको आँकलन तथा लेखाजोखा गरी स्थानिय सरकार, प्रहरी, सेना, नागरीक समाज, रेडक्रस लगायत विभिन्न संघ संस्थासँगको समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धि कार्य संचालन गरिनेछ ।
- वन सम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद् न्यूनिकरणका उपाय अवलम्बन गरिनेछ भने सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानिय नागरिकलाई समाहित गरि आयआर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- वन सम्पदा ३ वटै सरकारको साझा अधिकारको क्षेत्र भएता पनि स्थानिय सरकारको प्रत्यक्ष संलग्नता र पहुँच हुने भएकोले राष्ट्रिय वन, सामुदायीक वन, कबुलियत वन, सार्वजनिक वन, निजि वन, ऐलानी वन, उच्च जोखिमका क्षेत्र, वन्यजन्तु, जैविक विविधताको दिगो संरक्षण, व्यवस्थापनको माध्ययमबाट वन वातावरण र विपद क्षेत्रलाई पूर्णतामा मानविय शक्ति प्रयोग गरी उत्पादन मुलक बनाउन निरन्तर पहल गरीनेछ ।
- सामुदायीक वन मार्फत वातावरण मैत्री हरित अर्थतन्त्रको विकास गर्न स्थानिय फलफुल, वनजन्य बोट विरुवा आदीको लागी माटो अनुकुलको बहुउपयोगी फलफुल, जडिबुटि, वन नर्सरी स्थापना गर्न त्रिवेणी गा.पा.मा वन नर्सरी स्थापना गरीनेछ । जसले गर्दा जलवायु परिवर्तनमा पारेका नकारात्मक प्रभाव, अवसर र चुनौतिहरुसँग जुध्न वृक्षारोपण, काटछाँट र उत्पादन कार्य गरीनेछ ।
- त्रिवेणी १ को रिसिम्जा खोला, त्रिवेणी २ को पानीगैरा, त्रिवेणी ६ को ढाँरेगैरा, झामखोला त्रिवेणी ४ को लोटेपानी, त्रिवेणी ५ को सानधारी खोला, त्रिवेणी ७ को रिठ्याङ, झाँक्रिपानी, जलबीरे, त्रिवेणी ८ को अर्माली डेरा, त्रिवेणी ९ को पातेखोला, पनेरीखोला, लोटेपानी, कैनेखोला, हर्लाबोट त्रिवेणी १० को सालघारी, बरनेटी लगायतका क्षेत्रहरुमा भूसंरक्षण गरिनेछ ।
- त्रिवेणी गा.पा.को सिम्रुतु खोला, पेउघा खोला, खारा खोला, मुरु खोला, रुँघा खोला, खाल्टि खोला, कोरबाङ् खोला, लसुने खोला, बेतु खोला, लाईत खोला, चंखेरी खोला, हाईरु खोला, बल्ले खोला, खुम्चेरी खोला, हम्पाल खोला, झ्याम खोला, काला खोला, जरेपानी खोला, गरेना खोला, लगायतका त्रिवेणी गाउँपालिकाका सम्पूर्ण खोला खोल्सिहरुमा तटबन्ध, नदि कटान संरक्षण तथा स्थानिय उत्पादनलाई प्राथमिकतामा राखि वृक्षारोपन, फलफुल, जडिबुटि, विभिन्न खालका डाले घाँस उत्पादन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका निम्न स्थानहरु जस्तै झल्नेटा ढल व्यवस्थापन, सिम्रुत बजार ढल व्यवस्थापन, नुवाकोट बजार, चौतारा बजार, मानटुरा गैरिखेत सम्म ढल व्यव्सथापन गरिनेछ । सिम्रुत बजारको राता पहर, झुल्नेटा बजारको झनखानी, नुवाकोट बजारको टाकुरी र तिलसरेमा फोहोर डम्पिङ साइट निर्माण गरिनेछ । सिम्रुतु, झुल्लेटा, नुवाकोट बजारमा सार्वजनिक सौचालय निर्माणका लागी पहल गरिनेछ ।
- त्रिवेणी गाउँपालिकामा एउटा विपद व्यवस्थापन कोष स्थापना गरि विपद पूर्व तयारी कार्यक्रम, विपद प्रतिकार्य योजना, विपद व्यवस्थापन समिति निर्माण गरि संचालन गरिनेछ ।



त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- त्रिवेणी गाउँपालिका प्रकोपका सम्बन्धमा उच्च जोखिमयुक्त क्षेत्र भएकाले प्रकोपजन्य निराशालाई आशामा बदल्न प्रकोप पिडितलाई घटनास्थलमै राहत वितरण व्यवस्था मिलाईनेछ भने विपत प्रतिकार्यका लागी सामाग्रीहरु तयार गरी राखिनेछ ।
- वन वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि जलवायु परिवर्तनले पारेका प्रतिकुल असर, चुनौति र अवसरहरुको बारेमा जनप्रतिनिधि, कर्मचारी, स्थानिय राजनीतिक दल, सरोकारवाला निकायहरु, स्थानिय समुदायलाई सचेतना सम्वन्धि गोष्ठि, तालिम, अन्तरक्रिया, सडक नाटक, बुक कर्नर वितरण जस्ता कार्यक्रमहरु विद्यालय र समुदाय स्तरमा संचालन गरीनेछ ।
- वन खानेपानी विभिन्न समूहको मातहतमा रहेका आर्थिक, जिन्सी, रकम पारदर्शी बनाउन आवश्यक प्रकृया पुरा गरी चुस्त गरिनेछ ।

**बाह्य बातावरण निर्माण**

- स्थानिय सरकारको अधिकार र कर्तव्यको प्रयोग गरी आर्थिक, सामाजिक र पूवाधार क्षेत्रमा गरेका महत्वपूर्ण कार्य तथा सोको संरक्षण, संवर्द्धन र दिगोपना मार्फतस्थानिय सरकारको पहिचानलाई विश्वासनिय तुल्याउदै लगिनेछ ।
- सरकारका कामको परिणाम र औचित्यलाई स्थापित गरिनेछ । वडा स्तरमा जनताहरुले दिएका सुझावलाई बिशेष रुपमा आत्मसाथ गर्दै जनसहभागिता र सरकारको साझेदारी मार्फत कार्य सम्पादन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाका सीमा नाकालाई सुधार्न कडाइ गरिनेछ । आयात र निर्यातलाई व्यवस्थित गरिनेछ साथै सरकारी क्षेत्रमा पर्ने विभिन्न किसिमका वनहरु, सार्वजनिक जग्गा, सार्वजनिक भवनहरुमा कम्पाउण्ड गरी व्यवस्थित गरिनेछ ।

**अनुगमन, मुल्यांकन र निरीक्षण**

- स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसारको गा.पा.स्तरीय अनुगमन समितिलाई क्रियाशिल बनाइनेछ । अनुगमन कार्यप्रणालीलाई चुस्त दुरुस्त बनाएर प्रभावकारी रुपमा सम्वन्धित योजनाको धरातलमा पुगि निर्मित बस्तुको ठोस विश्लेषणका आधारमा अनुगमनको पाटोलाई जनअनुमोदन गराई भुक्तानीको प्रक्रिया समय सिमा भित्र कार्यान्वयन गरिनेछ । योजना सम्बद्ध जिम्मेवार अधिकारी जिम्मेवार हुनुपर्ने र नाँपजाच तथा मूल्यांकनमा यथार्थ चित्रण गर्नुपर्ने छ अन्यथा कमजोरी अनुसार नसियत गरिनेछ ।
- विकास निर्माण क्षेत्रका जटिलताको हल गरी समय सिमा भित्र कार्य सम्पादन सहजीकरण गर्न समस्या समाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजिकरण गरीनेछ । त्रिवेणी गा.पा. मातहतका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन स्थानिय तह सरकारले विभिन्न सुझाब संकलनका माध्ययमबाट सरकारको कार्यप्रणलीमा थप सुधार गरीनेछ ।
- शुरुमा योजना माग गरि माग उपर योजनाको सम्भाव्यता अध्ययन छलफल तथा निर्णय गरी सोका आधारमा बजेट सहितको प्राविधिक लागत इष्टिमेट तयार पश्चात योजनाको काम शुरु गर्नु पहिले लागत बजेट सहितको होडिङ बोर्ड स्थापना सहितको पहिलो अनुगमण, काम भैरहेको बीच अवस्थामा दोस्रो अनुगमण, काम सम्पन्न भए पश्चात अन्तिम अनुगमण तथा मूल्यांकन गरे पश्चात सामाजिक लेखापरीक्षण पछि लिखित अनुगमण प्रतिवेदन, प्रतिवेदन

त्रिवेणी गाउँपालिका, हुम्ला (प्रतिलिपि)

उपर छलफल, गाउँपालिका अध्यक्षको परापर्श प्रतिवेदन अनुमोदन गरी भुक्तानी प्रक्रिया अगाडि बढाइने नीति लिइनेछ ।

- त्रिवेणी गाउँपालिका भित्रका बजार, व्यवसाय, संघसंस्था, समूह, सहकारी, वन पैदावार, वन्यजन्तु, उद्योग, खानी, सामरिक महत्वका स्थल, सार्जनिक कार्यालयहरू, औषधी पसल, हस्पिटल, फार्मेसी, सडक पूर्वाधार, नीजि क्षेत्रको समय समयमा नियमित अनुगमण गरि व्यस्थित गरिनेछ ।

**<u>न्याय कानून सम्बन्धी</u>**

- सार्वजनिक कार्यलाइ नागरीकमैत्री, ब्यवस्थित,प्रभावकारी, अनुमानयोग्य र मापदण्डमा आधारीत तुल्याउन कानून निर्माण कार्यलाइ अभियानात्मक रुपमा लगिनेछ । कानुनलाइ सम्भव भएसम्म व्यवहारिक, सर्वसम्मत, पुर्ण कार्यन्वयनयोग्य, चुस्त, दिगो र प्रभावकारी बनाइनेछ । संख्यात्मक भन्दा गुणात्मक कानुनको निर्माण गरीनेछ ।
- सामाजिक समावेशीकरण सँग जोडिएको न्यायिक समितिलाई स्थानिय सरकारको अभिन्न अङ्गको रुपमा काम गर्ने गरी सुदृढ र विश्वसनीय तुल्याइने छ । नेपालको संविधान, संघीयताको मर्म र अन्तराष्ट्रिय सन्धि सम्झौता, प्रचलित परम्परा, कानुनी नजीर कानूनको निर्माण गरी प्रगतिशिल न्यायको अनुभूति मार्फत आम नागरीकमा अपनत्व हुने सरल गुणस्तरीय कानून तर्जुमा र न्याय निरुपन गरिनेछ ।
- न्याय प्रशासनलाई छिटो, छरितो, निस्पक्ष, प्रभावकारी, जनउत्तरदायी तथा न्याय प्रक्रियालाई सरल, अनुमान योग्य, पहुँचयोग्य, जबाफदेही, पारदर्शी, सुचना प्रविधिमैत्रि बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराई समता मुलक न्यायपूर्ण समाज निर्माणमा जोड दिईनेछ ।
- नेपालको संविधान, २०७२ बमोजिम संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी व्यवस्था सहायता प्रभावकारी, स्थानीय न्याय समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एव्म मुद्धा सम्पादन व्यवस्थापन क्षमता अभिवृद्धि, अपराध अनुसन्धान, बस्तुगत प्रमाणमा आधारीत बनाउने मुद्दाका साँक्षी प्रमाणको प्रस्तुती, कानुनी शिक्षा शिक्षण, र जनचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिने ।
- प्रत्येक नागरिक सम्म न्यायको पहुँचलाई सुलभ बनाउन मेलमिलाप केन्द्रलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।
- गाउँपालिका बासीको न्यायमा सहज पँहुच स्थापित गर्न असहाय वर्गलाई निशुल्क कानुनी उपचारको व्यवस्था गरिनेछ ।
- न्याय सम्वन्धी साक्षरता कार्यक्रम संचालन तथा सरल निःशुल्क कानुनी व्यवस्थामा जोड दिएर न्याय सम्पादनका कामहरुलाई थप जानकारी मुलक बनाउन विभिन्न बुकलेटहरु प्रकाशन, वितरण तथा रेडियो कार्यक्रम संचालन गरी मानवीय अपराधमा कमि ल्याउने वातावरण सिर्जना गरीनेछ ।
- पालिकामा महिला किशोरी र बालबालिकाको लागि एक हटलाईन फोनसेवाको व्यवस्था गरिनेछ ।

- पालिकाभित्रका विद्यालयहरुमा स्थानीय प्रहरी, जनप्रतिनिधि, कानुनी परामर्शदाता सहितको उपस्थितिमा महिला हिंसा, बालहिंसा सम्बन्धी सचेतना कार्यक्रमको व्यवस्था गरिनेछ ।

**सुशासन**

- सक्षम र विश्वसनिय न्याय प्रणाली, शासकिय सुधार, पारदर्शिता, जबाफदेहिता, सदाचार र प्रविधिमा आधारीत चुस्त सेवा प्रवाह नै भ्रष्टाचार रहित सदाचार युक्त समाज निर्माणको आधार हो । हाम्रो उदेश्य भनेको सार्वजनिक निकायका काम कारबाहिलाई पारदर्शि, जबाफदेहि, सदाचार युक्त र प्रविधि मैत्रि बनाई जनसहभागिता र जन विश्वासमा अभिवृद्धि गर्नु हो ।
- भ्रष्टाचारः समाज विरुद्धको अपराध हो, भ्रष्टाचार गर्ने र गराउने एउटै सिक्काका एउटै पाटा हुन, सचेत ढङ्गले भ्रष्टाचार गर्ने र अचेत ढङ्गले भ्रष्टाचार गर्नु फरक त होला तर दुवै समाज विरोधि तत्व हुन भन्ने मुल मर्मलाइ आत्मसाथ गर्दै भ्रष्टाचार जन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभुति दिलाइनेछ । त्यसका निमित्त सामाजिक तथा बैयक्तिक बुझाईमा सकारात्मक रुपान्तरणको थालनी गरीनेछ भने भ्रष्टाचारजन्य क्रियाकलापका बिरुद्ध निरोधात्मक एवं सम्बन्धित जिम्मेवार पक्षलाई दण्डात्मक कारबाहिलाई प्रभावकारी बनाईने छ ।
- हाम्रा रणनीतिक विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्याहरुलाई हल गर्न योजना कार्यन्वयनको बस्तुनिष्ठ समयतालिका निर्माण र लागु गरिनेछ ।
- कुनै पनि रुपमा सार्वजनिक स्रोतको उपयोग हुने कार्यमा अनियमित बिल बिजक जारी तथा पेश गर्ने र किर्ते कागजात तयार गर्ने गराउने कार्यलाइ सार्वजनिक अपराधकै रुपमा लिइनेछ भने त्यस्तो संस्था वा व्यक्तिसँग कुनै कारोबार गरिने छैन कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाइनेछ । त्यस्तो कार्यमा दवाव दिने कार्यलाइ मतियारको रुपमा लिइ कानूनी कारबाही गरिनेछ ।
- निशुल्क रूपमा जग्गा प्राप्त गर्ने वडाहरूलाई भवन निर्माणका लागि पहिलो प्राथमिकतामा राखिनेछ । आगामी ५ वर्ष भित्र गाउँपालिकाका सबै वडा कार्यालयहरूको आफ्नै भवन निर्माण गरिनेछ।
- जनतासँग  अन्तरक्रिया कार्यक्रमलाइ निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइने छ साथै प्रत्येक चौमासिक रूपमा सार्वजनिक निकायले गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने प्रावधानलाइ कडाइका साथ लागु गरिनेछ ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन**

- 'सेवा लिने घरघरवाट, सरकारी काम कम्प्यूटरबाट' भन्ने मूलमन्त्रका साथ प्रविधिमैत्री गाउँपालिकाको अवधारणालाई क्रमशः लागु गर्दै एकिकृत सप्टवेरका माध्यमवाट कर प्रणाली, बजार निगरानी, नक्साको डिजिटाइनेशन, योजनाको सम्झौता लगायतको डिजिटल प्रोफाइल तयार गरिनेछ ।
- कर्मचारीको हाजिरी, पोषाक, पेशागत आचारण, व्यवसायिकता र मर्यादा लगायतका प्रावधानलाई निरन्तर कडाइका साथ लागु गरिनेछ ।

- त्रिवेणी गाउँपालिकाका अन्तर्गत विषयगत कार्यालयहरुको कार्यलाई प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागी आवश्यक व्यवस्थापन गरिनेछ साथै कर्मचारीको अनुपस्थिति सेवा तथा सेवा प्रवाहलाई नियमित गर्न विद्युतीय हाँजिरी अभिलेख प्रणालीलाई कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिकाका बैठक तथा कार्यक्रमहरुमा अनावश्यक खर्च कटौतिको नीति अख्तियार गरि आर्थिक मितव्ययिता तथा खर्चमा एकरुपता ल्याइनेछ ।
- बजार क्षेत्र लगायत गाउँपालिकाको प्रमुख स्थानहरुमा सी.सी.टी.भी. क्यामेरा जडान गरिनेछ ।
- सार्वजनिक सेवामा छिटो छरितोपना, न्यायोचित सेवाशुल्क तथा सरलिकृत प्रक्रिया तथा कार्यविधिको अवलम्बन गरीनेछ । सार्वजनिक सेवालाई अनुमान योग्य बनाउदै, राजनीतिक तथा प्रशासनिक क्षेत्रको पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गरीनेछ ।
- सार्वजनिक पदाधिकारीहरुको कार्यसम्पादनको स्तरलाई मापन योग्य बनाई लागु गर्ने र सार्वजनिक निजि गैर सरकारी सहकारी बैङ्किङ आदि क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजि क्षेत्रको सेवा प्रवाहलाई समेत गुणस्तरीय एवं सेवामुलक तुल्याउन सहजीकरण गरिनेछ ।
- त्रिवेणी गाउँपालिकाको कार्य प्रणालीलाइ व्यवस्थित र प्रभावकारी तुल्याउन सरकारी तथा गैरसरकारी संघसंस्था, सरोकारवाला र जनसम्पर्कलाइ नियमित, फलदायी र समन्वयात्मक तुल्याउन र कार्यालयलाई पारदर्शिता र विश्वसनिय राख्न जनतासँग स्थानिय सरकार कार्यक्रमहरु सञ्चालन गरीनेछ साथै त्रिवेणी गाउँपालिका भित्र दिइने सेवा दवावमुलक नभई मुस्कान सहितको सेवा दिने व्यवस्था मिलाइनेछ ।
- व्यक्तिगत घटना दर्तासँग सम्वन्धित कार्यहरुलाई प्रविधिमा आधारित वनाइ अनलाइन सेवा प्रदान गरिने छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्य अनिवार्य बैंकिंग प्रणालीमा आवद्ध गरी वास्तविक लाभग्राहीले पाउने अधिकारलाई सुनिश्चित गरिनेछ ।
- त्रिवेणी गाउँपालिकावाट सेवा प्रवाह गर्ने सिलसिलामा नीतिगत कार्यलाइ रोकठोक गर्ने, जनप्रतिनीधि, कर्मचारी, राजनीतिकर्मी उपभोक्ताहरूलाई कानुन अनुसार कारवाहिको भागीदार बनाइनेछ ।
- गाउँपालिका सरकारले निश्चित संख्यामा वस खरिद गरी नगर वस सेवा संचालनमा ल्याउन आन्तरिक तथा बाह्य सुझाब संकलन गरिनेछ ।

**<u>जनप्रतिनिधि तथा कर्मचारी आचार संहिता</u>**

- सार्वजनिक पदाधिकारीहरुको जीवन र व्यवहारलाई सार्वजनिक वस्तु वा स्रोतको रुपमा स्विकार गरी नागरीकका सामु पारदर्शि तथा सदाचारको व्यवहारीक अनुभूति दिलाइनेछ ।
- कानूनबमोजिम सार्वजनिक आय र सार्वजनिक खर्च प्रणालीबाट सार्वजनिक पदाधिकारीको निजि जीवनलाइ निरपेक्ष तुल्याइनेछ । भने कानुन र नागरीकका नजरमा सार्वजनिक पद र जिम्मेवारीलाई खुला किताबको रुपमा स्विकार गरिनेछ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- कर्मचारीको कार्यसम्पादन स्तरमा सुधार गरी उत्प्रेरीत तथा खरो भूमिकायुक्त तुल्याउन कार्यसम्पादनमा आधारीत विशेष प्रोत्शाहनको प्याकेजको व्यवस्था गरीनेछ ।
- राष्ट्रसेवक कर्मचारी पदाधिकारीमा सामाजिक चेतनाको विकास गरी, सोचमा सकारात्मक परिवर्तन जागृत गराई समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरीत गर्न विभिन्न तालिम, अन्तरक्रिया, घटना परिघटनाको अध्ययन आदि क्षेत्रमा संलग्न बनाइनेछ ।
- जनप्रतिनीधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाइनेछ ।
- विषयगत समिति, विषयगत कार्यालय र प्रशासन जनप्रतिनिधीको कार्यसम्पादन लाई जिवित तथा सरलिकृत बनाईनेछ ।

**योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली**

- भुगोल तथा बिषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाइ संकलन गरीएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी त्रिवेणी गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरीने परिपाटी को व्यवस्था गरिनेछ ।
- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिबेदनका लागी सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आलेप प्रणाली लाई कार्यान्वयन गरिनेछ ।

**संघ संस्था समन्वय र परिचालन**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्र, स्थानिय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी आकर्षित गर्ने नीति लिइनेछ ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र, आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई स्थानीय सरकार कार्यविधि बनाएर कार्यक्रम कडाइका साथ लागु गरिनेछ ।
- गैरसरकारी संस्था संचालन कार्यविधि समयसापेक्ष परिमार्जन गरि प्रभावकारी बनाइनेछ । योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ । साथै सामाजिक क्षेत्रका सेवा प्रदायक संघसंस्थाहरूसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन अवस्थाको निरन्तर नतिजामूलक अनुगमण र निरीक्षण गरिनेछ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमुलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाइ कार्यक्रम कार्यन्वयन तथा समन्वय सम्झौता गरिनेछ । जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने प्रभावकारी नियमन र अनुगमनमार्फत वास्तविक उपलब्धि हासिल हुनेछ । यसबाट संस्थागत अन्तरसम्बन्ध तथा समन्वयमा बढावा हुने हुदा संस्थागत आकर्षण र क्रियाशिलता बढ्ने अपेक्षा लिएको छु ।

**<u>बजेट कार्यान्वयन</u>**

- बजेट कार्यन्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ । जसका लागी मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यन्वयनलाइ व्यवस्थित र समयबद्ध तुल्याइनेछ ।
- बैधानिक रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ । सम्झौता वा अनुमति विना गरीएको कामलाइ कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन । सम्झौता वा अनुमति विनाका कार्यलाइ अवैधानिक करार गरिनेछ ।

**<u>राजस्व प्रशासन तथा परिचालन</u>**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका राजस्वका क्षेत्र पहिचानलाई व्यापक र बैज्ञानिक तुल्याउदै, राजस्वका दर र दायराका आधारहरुलाई बस्तुनिष्ठ तथा प्रगतिशिल बनाउदै लगिनेछ ।
- कतै छोडिदैन र कहि लुटिदैन भन्ने मान्यतालाइ आत्मसाथ गर्दै, निर्धारण गरीएका आन्तरीक आम्दानीका स्रोत र क्षेत्रबाट शतप्रतिशत राजस्व संकलन गरिनेछ भने राजस्वका क्षेत्र, दर र दायरालाइ सामाजिक आर्थिक अवस्था, सामाजिक न्याय, आर्थिक सहभागिताको स्तर, सामाजिक महत्व तथा संवेदनशिलता, मानविय स्वास्थ्य तथा सुरक्षा र विपन्नता तथा गरिबि निवारणरमा भूमिका आदिका आधारमा निर्धारण गरीनेछ ।
- राजस्व प्रशासनलाइ क्षमतावान, पारदर्शी र प्रविधिमा आधारीत भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरीकस्तरमा राजस्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाइ भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकासँग कुनै पनि रुपमा सम्बन्ध राख्ने संस्था, कम्पनी र त्रिवेणी भूगोल क्षेत्रभित्र कुनै पनि व्यवसाय, क्रियाकलाप तथा कारोबार गर्ने व्यक्ति वा संस्थालाइ निरपेक्ष सेवाग्राहीको रुपमा कानुनी नागरिक ठानी, सूचिकृत भएपश्चात मात्र पहिलो सेवा सम्बन्ध कायम गरिनेछ । जसले गर्दा त्रिवेणी गाउँपालिकाको नियमन तथा अभिलेख प्रणालीमा आवद्ध गर्न सकिनेछ र सूचिकृत पक्षलाइ समेत विकास साझेदारको रुपमा दावि गर्ने बैधानिक अधिकार प्राप्त हुनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रको सिम्रुतु बजार, झुल्नेटा, खौला बजार, नुवाकोट बजारलाई केन्द्रित गरी राजस्व नियमित गर्न कर संकलक खटाई नियमित राजस्व संकलन गर्ने नीति लिइनेछ ।



त्रिवेणी गाउँपालिका, हुकुम (पश्चिम)

**सामाजिक सांस्कृतिक रुपान्तरण तथा सभ्यताको विकास**

- हाल सामाजिक सम्बन्ध, मानविय व्यवहार र कार्यशैलीमा यदाकदा देखिदै आएको अराजक कार्यशैलीमा रुपान्तरण गरी सभ्य, योगदानमूलक र उत्पादनशिल जनशक्ति निर्माणका लागी मदिरा नियन्त्रण, स्वरोजगार लगायत कार्यमा लगानी गरीनेछ। कार्यक्रम बनाइ लागु गरीनेछ।
- नागरिक र सरकार बीचमा आपसी अन्तरसम्बन्धलाइ प्रभावकारी बनाइनेछ सोका लागि महिनाको तेस्रो शुक्रबार वडा स्तरको सम्बृद्धिका लागी साझा योगदान कार्यक्रम लागू गरिनेछ।
- मासिक अन्तिम शुक्रबार वडा सदस्यहरूसँग अध्यक्ष अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- त्रिवेणी गाउँपालिका भित्र घरेलु मदिरा उत्पादन गर्ने, सेवन गर्ने, लागू औषधि ओसारपसार गर्ने, जुवातास खेल्ने, साँस्कृतिक रूपमा विचलन ल्याउने खालका कार्य गर्ने जो कोहिलाई पनि कानुन बमोजिम कारवाहिको दायरामा ल्याइनेछ।

**धन्यवाद**

**मितिः २०७८।०३।१०**

................................

**झक्कुप्रसाद घर्तीमगर**
**गाउँपालिका अध्यक्ष**

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)